श्रीपशुपतिदर्शन

(लघुपरिक्रमा)



श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठान

श्रीपशुपतिदर्शन

(लघुपरिक्रमा)

(नेपाली)



प्रकाशक:

श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठान

बलभद्रमार्ग, बानेश्वर, काठमाण्डौ-३१, नेपाल

पुस्तक : श्रीपशुपतिदर्शन (लघुपरिक्रमा)
भाषा : (नेपाली)
प्रकाशक : श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठान
सर्वाधिकार : © प्रकाशकाधीन
सम्पादक : माधवप्रसाद लामिछाने
प्रकाशन मिति : वि.सं. २०७५
संस्करण : परिमार्जित द्वितीय संस्करण
छपाई संख्या : ३००० प्रति
मूल्य : रू. १५०/-
आवरण सज्जा : दीपक महर्जन
तस्बिर सौजन्य : खगेन्द्रप्रसाद गिरी, निश्चल चापागाईं,
कुमार खतिवडा, वरुण खतिवडा,
ओम यादव, पुरुषोत्तम खतिवडा
कम्प्युटर डिजाईन
तथा मुद्रण : जानकी प्रिण्टर्स (छापाखाना)
बानेश्वर, काठमाडौं, फोन: ०१-४४९२८९८
Email: janaki.printers@gmail.com
ISBN : 978-99370-5662-5
प्राप्ति स्थान : श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठान
बलभद्रमार्ग, बानेश्वर, काठमाडौं-३१ ।
फोन नं.: ०१-४४७१९५०, ९८४१२२८३५१,
९८५१२१९२०४
इमेल : pashupati.archana@gmail.com
वेवसाइट : www.pashupatiarchana.org.np

भूमिका

१. पृष्ठभूमि

भगवान् श्रीपशुपतिनाथ देवका पनि देव महादेव हुनुहुन्छ । भगवान् श्रीपशुपतिनाथको महिमाको गान समग्र वैदिक तथा पौराणिक वाङ्मयमा पाइन्छ । शुक्लयजुर्वेदको सोऱ्हौँ अध्याय त भगवान् श्रीपशुपतिनाथको स्तुति एवं प्रशस्तिहरूले भरिएको छ। यस अध्यायको एक मन्त्र सुपरिचित छ जहाँ भगवान् सदाशिवको स्तुति गर्दै भनिएको छ - ॐ नमः शम्भवाय च मयो भवाय च नमः शङ्कराय च मयस्कराय च नमः शिवाय च शिवतराय च । जसको अर्थ हुन्छ - समस्त विश्वको कल्याणको आधार भगवान् शङ्करलाई नमस्कार छ, सम्पूर्ण संसारको सुखको कारण भगवान् शिवलाई नमस्कार छ, स्वयं रचेको सृष्टिप्रति सधैँ कल्याण गर्ने कल्याणदायी भगवान् शिवलाई नमस्कार छ । सबै कल्याणकारीहरूमा श्रेष्ठ भगवान् सदाशिवलाई नमस्कार छ ।

जीवमात्रका आश्रयदाता भूतभावन भगवान् श्रीपशुपतिनाथ सम्पूर्ण प्राणीजगत्का परम आराध्य हुनुहुन्छ। श्वेताश्वतर उपनिषद् अनुसार यो विशाल सृष्टिरचनाको विस्तार जुन प्रकृतिको सहाराबाट भयो ती प्रकृति माया हुन् र तिनका अधिपति महेश्वर भगवान् श्रीपशुपतिनाथ हुनुहुन्छ। यिनै प्रकृतिरूपा मायाको परमाधिपतिरूप महेश्वरको अंशबाट यो सारा जगत् व्याप्त छ । जीवमात्रमा उनै परमपिता शिवको अंशकला विराजमान छ -

मायां तु प्रकृतिं विद्यान्मायिनं तु महेश्वरम् ।
तस्यावयवभूतैस्तु व्याप्तं सर्वमिदं जगत् ॥

– श्वेताश्वतर उपनिषद्, ४।१०

परम कल्याणमूर्ति भगवान् शिवका विविध स्वरूपहरूमा पशुपतिस्वरूपको आफ्नै वैशिष्ट्य छ । पशुपति तत्त्वका तीन पक्ष छन् - पशु, पाश एवं पति । मायाको आवरणभित्र क्रियाशील यो जगत्प्रपञ्च जसको दृष्टिमा सधैँ भासमान रहन्छ र जो यस द्वैत प्रपञ्चमा फसेर अविद्याको घेराबाट घेरिएर रहन्छ त्यो जीव नै पशु हो । शिव पुराणमा पशु र पाशको परिचय यसप्रकार दिइएको छ-

स पश्यति शरीरं तच्छरीरं तन्न पश्यति ।
तौ पश्यति परः कश्चित्तावुभौ तं न पश्यतः ॥
ब्रह्माद्याः स्थावरान्ताश्च पशवः परिकीर्तिताः ।
पशूनामेव सर्वेषां प्रोक्तमेतन्निदर्शनम् ॥

– शिवपुराण, वायवीयसंहिता, ७।६०-६१

अर्थात् शरीरमा रहने जीव शरीरलाई देख्न सक्तछ परन्तु शरीरले त्यस जीवलाई देख्न सक्तैन । यसै गरी जीव र शरीरलाई अर्को कुनै पुरुषले देख्दछ परन्तु त्यस पुरुषलाई जीव र शरीर दुवैले देख्न सक्तैनन् । ब्रह्मादेखि लिएर वृक्ष, लता, स्थावर जङ्गम आदि पदार्थसम्म सबै पशु हुन् । यी पशुहरूको कल्याणका लागि आवश्यक साधनाको निर्देशन यसरी बताएको पाइन्छ -

स एव बध्यते पाशैः सुखदुःखाशनः पशुः ।
लीलासाधनभूतो य ईश्वरस्येति सूरयः ॥

– शिवपुराण, वायवीयसंहिता, ७/६२

अर्थात् मायाप्रपञ्चमा जेलिएको जीवले नै सुख आदि द्वन्द्वहरूलाई भोग्दछ, पाशमा बाँधिएर रहन्छ तथा पाशका साथ पशु जीव पनि भगवान् महेश्वरको लीलाको साधन बनेर आफ्नो कर्ममा प्रवृत्त हुन्छ भन्ने सत्यदर्शीहरूको मत छ ।

पशु, पाश एवं पतिको बारेमा शिवपुराण वायवीयसंहिता उत्तरभागमा ऋषि उपमन्युले मार्मिक रूपबाट प्रकाश पारेका छन् । भगवान् पशुपति कसरी भए ? पशु को हो ? र ऊ किन पाशबाट बाँधिन्छ ? तथा ऊ कुन उपायहरूबाट मुक्त हुन्छ ? यी प्रश्नहरूको उत्तरमा ऋषि उपमन्यु भन्दछन्–

ब्रह्माद्याःस्थावरान्ताश्च देवदेवस्य शूलिनः ।
पशवः परिकीर्त्यन्ते संसारवशवर्तिनः ॥
तेषां पतिवाद् देवेशः शिवः पशुपतिः स्मृतः ।
मलमायादिभिः पाशैः स बध्नाति पशून् पतिः ॥
स एवं मोचकस्तेषां भक्त्या सम्यगुपासितः ॥

– शिवपुराण वायवीयसंहिता उत्तरभाग, २/११-१२

अर्थात् ब्रह्मादेखि लिएर स्थावरपर्यन्त संसारका वशीभूत सबै जीवहरू देवाधिदेव भगवान् शूलपाणिका लागि पशु हुन् । ती सबै पशुहरूका पति हुनाले भगवान् शिव पशुपति कहलिनुहुन्छ । आसक्तिरूप मल एवं अविद्यारूप माया आदि पाशहरूबाट भगवान् श्रीपशुपति जीवरूप पशुहरूलाई बाँध्नुहुन्छ । जब जीवसमुदाय भगवान् श्रीपशुपतिनाथको भक्तिका साथ समर्पित भएर उपासना गर्दछन् तब नै प्रभु श्रीपशुपतिनाथ ती जीवहरूलाई पाशहरूबाट मुक्त गरिदिनुहुन्छ ।

यसरी आवश्यकतानुसार जीवहरूलाई बाँध्न वा मुक्त गर्नमा सर्वतन्त्रस्वतन्त्र हुनाले नै भगवान् श्रीपशुपतिमा नाथत्व जोडिन्छ र उहाँ श्रीपशुपतिनाथ कहलाउनुहुन्छ । संस्कृत शब्दकोश अनुसार स्वामी वा अधिपतिको लागि "नाथ" शब्दको प्रयोग हुन्छ । भगवान् श्रीपशुपति सम्पूर्ण विश्वका स्वामी हुनुहुन्छ, प्रकृतिभन्दा माथि हुनुहुन्छ, सबैका नियामक हुनुहुन्छ, अधिपति हुनुहुन्छ । यसैले उहाँलाई नाथ भनिन्छ ।

२. भगवान् श्रीपशुपतिनाथको प्राकट्य

पशुपति महाज्योतिर्लिङ्गको प्राकट्य सृष्टिको आदिकालमा नै भएको प्रसङ्ग स्कन्दपुराणको मेरुखण्ड अन्तर्गत हिमवत्खण्डमा बताइएको छ । उक्त प्रसङ्गअनुसार ब्रह्मा र विष्णु एक आपसमा आफूलाई नै जगत्को आदिकारण मानेर स्वयंलाई नै ठूलो देखाउन लाग्नुभएको वेलामा त्यहाँ एउटा ज्योतिर्लिङ्ग प्रकट हुन्छ र आकाशवाणी हुन्छ – "जसले यो ज्योतिर्लिङ्गको अन्त्य पत्ता लगाउन सक्छ त्यही महान् हो" । त्यसपछि ब्रह्मा ज्यातिर्लिङ्गको

माथितिर र विष्णु मूलतिर अन्त्य पत्ता लगाउन जानुहुन्छ तर दुवै ज्योतिर्लिङ्गको आदिअन्त्य पत्ता लगाउन सक्नुहुन्न । ब्रह्माले आफूलाई ठूलो देखाउन ज्योतिर्लिङ्गको अन्त्य पत्ता लगाउन नसके तापनि ज्योतिर्लिङ्गको अन्त्य पत्ता लगाएको भनेर साक्षीका रूपमा गाई र केतकीको फूललाई ल्याउनु हुन्छ। गाई र केतकीको फूलले ब्रह्माको मिथ्यावाणीको साक्षी बसेका कारण भगवान् शिवबाट श्राप पाउँछन् र ब्रह्माजीलाई पनि कतै पनि उनको पूजा नहुने श्राप हुन्छ । विष्णुलाई भने सत्य बोलेकाले सर्वश्रेष्ठ हुने वरदान प्राप्त हुन्छ । यसपछि स्कन्दपुराण हिमवत्खण्ड अनुसार ब्रह्मा र विष्णु दुवैले भगवान् शिवको स्तुति गर्नुहुन्छ । त्यस स्तुतिबाट प्रसन्न भएका भगवान् शङ्करले ज्योतिर्लिङ्गभित्र प्रादेश(एक बित्ता) मात्रको अर्को ज्योतिर्लिङ्गलाई प्रकट गर्नुहुन्छ । त्यस ज्योतिर्लिङ्गलाई देखेर ब्रह्मा र विष्णुले स्तुति गर्नुहुन्छ। त्यस स्तुतिवाट प्रसन्न हुनुभएका शङ्करले उक्त प्रादेशमात्रको ज्योतिर्लिङ्गभित्र गौरीशङ्करको संयुक्त दर्शन दिनुहुन्छ। फेरि पनि ब्रह्मा र विष्णुले स्तुति गर्दा भगवान् शङ्करले आफ्नो पञ्चवक्त्रस्वरूप दुई हात प्रमाणको पशुपतिस्वरूपको दर्शन दिनुहुन्छ । यस्ता पञ्चवक्त्र भगवान् पशुपतिले आफू आत्मस्वरूप सबैको प्रेरक भएको, सबैतिर ओतप्रेत भएको बताउनुहुन्छ। सबैतिर व्यापक भए तापनि दीपलाई अन्धो व्यक्तिले जसरी देख्न सक्तैन त्यसरी नै आफूलाई पनि भक्ति नगर्ने तामसी पुरुषले जान्न सक्तैन भनेर बताउनुहुन्छ । द्वापरयुगको अन्त्यमा केदारनाथको शिरोभाग पञ्चपाण्डवको प्रसङ्गद्वारा सृष्टिको आदिकालदेखि नै नेपालमा विद्यमान पशुपति महाज्योतिर्लिङ्गमा अन्तर्निहित(समाविष्ट) भएको हो ।

३. भगवान् श्रीपशुपतिनाथको आराधना

चार धामहरूको यात्राको क्रममा तीर्थयात्री हिमालय क्षेत्रमा आएर जसको महत्त्वपूर्ण दर्शन ठूलो श्रद्धा र भक्तिले गर्छन् ती भगवान् श्रीकेदारेश्वरका साथ भगवान् श्रीपशुपतिनाथको विशेष सम्बन्ध मानिएको छ । शिवपुराण अनुसार भगवान् शिवको एउटै श्रीविग्रहको मेरुदण्डको भाग भगवान् श्रीकेदारेश्वर मानिनुहुन्छ । त्यस शिवविग्रहको शिरोभागचाहिँ भगवान् श्रीपशुपतिनाथ हुनुहुन्छ । यसैले चार धामको यात्रा गरिसकेपछि पनि भगवान् श्रीपशुपतिनाथको दर्शन नगरी यात्रा पूरा हुँदै ने जनधारणा प्रचलित छ । अतः युगौंदेखि शास्त्र र जनधारणा दुवै दृष्टिबाट आदि ज्योतिर्लिङ्गको रूपमा भगवान् श्रीपशुपतिनाथको प्रतिष्ठा रहेको छ । शिवपुराणमा स्पष्टसँग भनिएको छ - पृथ्वीभरमा प्रसिद्ध नेपालपुरीमा पशुपतीश्वर नामक लिङ्ग छ । त्यसको आराधनाबाट सबै कामनाहरू पूरा हुन्छन् । पशुपतीश्वर शिवलिङ्ग शिरोभागस्वरूप छ -

नयपालाख्यपुर्यां तु प्रसिद्धायां महीतले ।
लिङ्गे पशुपतीशाख्यं सर्वकामफलप्रदम् ॥
शिरोभागस्वरूपेण शिवलिङ्ग तदस्ति हि ॥

– शिवपुराण कोटिरुद्रसंहिता, १३।१८-१९

यसलाई अझ स्पष्ट गर्दै उन्नाइसौं अध्यायमा विशेष प्रकाश पारिएको छ । त्यहाँ भनिएको छ- जब पाण्डव हिमालयको नजिक पुगेर भगवान् श्रीकेदारेश्वरको दर्शन गर्न अगाडि

बढे उनलाई देखेर भगवान् शिव भैंसीको रूप लिएर भाग्न लाग्नुभयो। पाण्डवहरूले उहाँको पुच्छर समातेर पटक पटक प्रार्थना गर्दा तल मुख पारेर विराजमान हुनुभयो । भक्तवत्सल नामबाट यसै रूपमा स्थित हुनुभएका भगवान् श्रीकेदारेश्वरको शिरोभाग नेपालमा पुगेर श्रीपशुपतिनाथको रूपमा प्रतिष्ठित छ ।

यो हि वै पाण्डवान् दृष्ट्वा माहिषं रूपमास्थितः ।
मायामास्थाय तत्रैव पलायनपरोऽभवत् ॥
धृतश्च पाण्डवैस्तत्र ह्यवाङ्मुखतया स्थितः ।
पुच्छं चैव धृतं तैस्तु प्रार्थितश्च पुनः पुनः ॥
तद्रूपेण स्थितस्तत्र भक्तवत्सलनामभाक् ।
नयपाले शिरोभागे गतस्तद्रूपतः स्थितः ॥

–शिवपुराण कोटिरुद्रसंहिता, १९/१३-१५

४. भगवान् श्रीपशुपतिनाथको माहात्म्य

अतीतदेखि नै हिमालयको यो सम्पूर्ण क्षेत्र माहेश्वर दर्शनको क्षेत्र रहेको छ । महाभारत वनपर्वमा भगवान् श्रीपशुपतिनाथको क्षेत्रको रूपमा परिचित यस पावन क्षेत्रलाई माहेश्वरपुरको संज्ञा दिइएको छ । वनपर्वको पुलस्त्य तीर्थयात्रा प्रसंगमा भनिएको छ– माहेश्वरपुरमा गई भगवान् शङ्करको अर्चना गरेर उपवास बस्दा सबै इच्छित कामनाहरू पूरा हुन्छन्, यसमा सन्देह छैन -

माहेश्वरपुरं गत्वा अर्चयित्वा वृषध्वजम् ।
ईप्सितोल्लभते कामानुपवासान्न संशयः ॥

—महाभारत वनपर्व, ८४/१२९

माहेश्वर दर्शनका अनुसार ईश्वरका तीन नियत शक्तिहरू अर्थात् सामान्य शक्तिहरू छन् जसलाई सृष्टिशक्ति, स्थितिशक्ति र लयशक्ति भनिन्छ । भगवान् शङ्करका साथ अरू दुई अतिरिक्त शक्तिहरू पनि रहन्छन् ती हुन्– निग्रहशक्ति तथा अनुग्रहशक्ति । आफ्नो भक्तमाथि विशेष कृपा गर्नका लागि भगवान् मृत्युञ्जय कहिलेकाहीँ प्रकृतिको सामान्य नियमहरूलाई तोडेर यी दुई विशेष शक्तिहरूको उपयोग गर्नुहुन्छ। उदाहरणका रूपमा भगवान् शिवले निग्रहशक्तिको उपयोग गर्दै प्रकृतिको नियमलाई तोडेर मार्कण्डेयको मृत्युलाई सारिदिनुभयो । फेरि अनुग्रहशक्तिको उपयोग गरेर उनलाई चिरञ्जीवीहरूको श्रेणीमा प्रमुख स्थान प्रदान गरेर प्रतिष्ठा प्रदान गरिदिनुभयो । यसैले ती पाँच शक्तिहरूलाई लिएर भगवान् श्रीपशुपतिनाथका विभिन्न विशेषताले युक्त पाँच श्रीमुख मानिएका छन् । साधकहरूलाई अमरत्व प्रदान गर्नका लागि भगवान्को ज्ञानरूप तृतीय नेत्र पनि छ । यसैले भगवान् श्रीपशुपतिनाथको ध्यानमा "पञ्चवक्त्रं त्रिनेत्रम्" भन्ने उल्लेख आउँछ। उपर्युक्त पाँच मुहारहरूको नाम यसप्रकार छ :

पूर्व मुख - तत्पुरुष
दक्षिण मुख - अघोर
पश्चिम मुख - सद्योजात

उत्तर मुख - वामदेव

ऊर्ध्व मुख - ईशान

यसका अतिरिक्त एउटा अधोमुख पनि मानिएको छ जसको नाम कालाग्निरुद्र हो । यिनै छ श्रीमुखहरूमध्येबाट तन्त्रविद्याका छ आम्नायहरूको उत्पत्ति भएको तथ्य तन्त्रशास्त्रमा बताइएको छ । यसमध्ये दक्षिण अघोरमुख दक्षिणामूर्तिरूप पनि मानिन्छ । दक्षिणामूर्तिरूप गुरुरूप हो । भगवत्साधनामा गुरुमुखी भएर अगाडि बढ्ने विधान छ । यसैले भगवान् श्रीपशुपतिनाथको मन्दिरमा प्रवेश गर्दा दक्षिणद्वार भएर मन्दिरभित्र प्रवेश गर्ने परम्परा प्रचलित छ ।

५. श्रीपशुपतिनाथको दर्शनविधि

सबै देवस्थलका दर्शनविधिहरूमा सामान्यतया समानता पाइन्छ तापनि केही देवस्थलहरूको आफ्नै विशिष्टता रहेको छ । भगवान् श्रीपशुपतिनाथको दर्शनविधिमा पनि यस्तै केही विशेषताहरू छन् । दर्शनको क्रममा सबभन्दा पहिले भगवान् श्रीपशुपतिनाथको परिक्रमाको विधि पूरा गरिन्छ अनिमात्र मन्दिरमा प्रवेश गर्ने शास्त्रीय परम्परा छ । शिवको परिक्रमा गर्ने नियमअनुसार शिवको पूरा परिक्रमा हुँदैन । भनिएको छ- शिवस्यार्धपरिक्रमा । आधा परिक्रमा भन्नाले नन्दीबाट मन्दिरलाई दायाँ पारेर चण्ड, पुनः नन्दी, त्यसबाट मन्दिरलाई बायाँ पारेर चण्ड, चण्डबाट सोमसूत्र, त्यसबाट नन्दी, त्यसबाट चण्ड, त्यसबाट सोमसूत्र, त्यसबाट चण्ड, त्यसबाट नन्दी गर्दा साढे तीन फन्का हुन्छ । यसैलाई शिवको अर्धपरिक्रमा भनिएको हो । भनिएको पनि छ-

वृषं चण्डं वृषं चण्डं सोमसूत्रं पुनर्वृषम् ।
चण्डं च सोमसूत्रं च पुनश्चण्डं पुनर्वृषम् ॥

परिक्रमा गर्दा ब्रह्मचारीले दायाँबाट, सन्न्यासीले बायाँबाट र गृहस्थीले दायाँबायाँ दुवैतिरबाट गर्नुपर्छ तर जहाँ दुईवटा सोमसूत्र वा विष्णुमन्दिर छ त्यस शिवमन्दिरमा सबैले दायाँबाटै परिक्रमा गर्नू भनिएको छ । जस्तै-

अपसव्यं यतिः कुर्यात् सव्यं तु ब्रह्मचारिणः ।
सव्यापसव्यं गृहिणो नित्यं शम्भोः प्रदक्षिणम् ॥
सोमसूत्रद्वयं यत्र यत्र वा विष्णुमन्दिरम् ।
अपसव्यं न चार्चितः कुर्यदिव प्रदक्षिणम् ॥

दुईवटा सोमसूत्र भन्नाले एउटा चढाएको जल जलहरीबाट बगेर उत्तरतिर जाने बाटो र अर्को वासुकि भन्ने बुभ्नुपर्छ । यी दुवै पशुपतिमा विद्यमान छन् । विष्णुमन्दिर वा भगवान् सत्यनारायण पनि छन् । जहाँसम्म भगवान् श्रीपशुपतिनाथलाई चढाएको जल हिंड्ने बाटो अर्थात् सोमसूत्रलाई नाघ्दा दोष लाग्छ भन्ने कुरा छ त्यो मन्दिरको छानोबाट पानी झर्ने बलेसीसम्म सोमसूत्र नाघ्दा दोष लाग्छ, त्यसभन्दा बाहिर गएपछि दोष लाग्दैन भनिएको छ । जस्तै-

प्रासादविस्तारसमानसूत्रं भवेदुदीच्यां दिशि सोमसूत्रम् ।
सूत्राद्‌बहिर्लङ्घनतो न दोषः स्याद्‌दोष आभ्यान्तरलङ्घनेन ॥

भगवान् श्रीपशुपतिनाथको दर्शन गर्ने सृष्टि, स्थिति र संहारक्रममध्ये यस पुस्तकमा सृष्टिक्रम अनुसार नैऋत्यकोणमा उभिएर ऊर्ध्वक्त्रस्वरूप ईशानको भावना गरेपछि तत्तत् दिशामा गई पूर्ववक्त्रस्वरूप तत्पुरुष, दक्षिणवक्त्रस्वरूप अघोर, उत्तरवक्त्रस्वरूप वामदेव, पश्चिमवक्त्रस्वरूप सद्योजातको दर्शन गरी अन्त्यमा अधोवक्त्रस्वरूप कालाग्निरुद्रको भावना गर्ने विधिअनुसार स्तुति संयोजन गरिएको छ ।

६. यस पुस्तिकाको उद्देश्य

नेपालमा अनादिकालदेखि श्रीपशुपतिनाथलाई राष्ट्रको संरक्षक राष्ट्रदेव मानी बडो श्रद्धाभक्तिपूर्वक पूजाआराधना गरी श्रीविग्रहको चिरकालपर्यन्त व्यवस्थित अर्चनाका लागि व्यक्तिविशेष सङ्घसंस्था एवं राज्यले प्रशस्त गुठी आदिको व्यवस्था गरी आआफ्नो तर्फबाट यथायोग्य योगदान पुऱ्याउँदै आएका छन्। श्रीपशुपतिनाथप्रति अनन्य भक्तिभाव व्यक्त गर्दै राजा, महाराजा, शासक एवं प्रशासकहरूले आफ्नो उपाधि "भगवत्पशुपतिभट्टारकपादानुगृहीतः श्रीपशुपतिचरणधूलिधूसरित–शिरोरुहः परममाहेश्वरः" इत्यादि राखेर श्रीको पुजारी नियुक्ति गर्नेदेखि पूजाअर्चनासम्बन्धी सम्पूर्ण व्यवस्था मिलाउँदै र संरक्षण गर्दै आएको देखिन्छ ।

श्रीपशुपतिमन्दिर प्राङ्गण प्रवेश गर्ने परम्परागत पूर्व, दक्षिण एवं पश्चिमतर्फका तीन द्वारमध्ये वर्तमानमा वाग्वतीतर्फको पूर्वद्वार तथा चौसठ्ठीतर्फको दक्षिणद्वार बन्द रही देवपत्तनतर्फको पश्चिमद्वार मात्र खुल्ला रहेको अवस्थामा यहाँ सोही अनुरूपको मन्दिरप्रवेश, प्रदक्षिणा एवं निर्गमन विधिअनुसार पशुपति प्राङ्गणका

प्रमुख देवताहरूको क्रमानुसार नाम, अवस्थिति, स्तुति/ध्यानका साथै नक्सासमेत संलग्न गरिएको छ । यसका अतिरिक्त दर्शनार्थी लगायत सम्बद्ध सबैका लागि पालनीय आचरण बुँदागत रूपमा पुस्तकको प्रारम्भमा राखिएको छ र केही प्रसिद्ध स्तोत्रहरूलाई पुस्तकको समाप्तिमा समावेश गरिएको छ ।

- सम्पादक

प्रकाशकीय

यस्योन्मेषनिमेषाभ्यां जगतः प्रलयोदयौ ।
तं शक्तिचक्रविभवप्रभवं शङ्करं स्तुमः ॥

- स्पन्दकारिका

भगवान् श्रीपशुपतिनाथ नेपालका राष्ट्रदेव र समस्त हिन्दूहरूका आराध्यदेव हुनुहुन्छ । श्रद्धा र भक्तिको यो केन्द्र हामी हिन्दूहरूका लागि ऐतिहासिक, धार्मिक एवं सांस्कृतिक निधिका रूपमा रहिआएको छ। भगवान् श्रीपशुपतिनाथ भारतवर्षका प्रख्यात चारधाम जगन्नाथ, रामेश्वर, द्वारकाधीश र बद्रीकेदारको समष्टिरूप एवं केदारनाथको शिरोभाग हुनुहुन्छ । त्यसैले श्रीपशुपतिको माहात्म्य नेपालमा मात्र नभई भारतवर्ष लगायत विश्वभरिका हिन्दूहरूमा फैलिएको छ । समस्त हिन्दूहरूका परमपूज्य देवताका रूपमा उपासित श्रीपशुपतिनाथको पूजा अर्चना प्राचीन कालदेखि नै शास्त्रीय विधि विधानपूर्वक आधिकारिक पूजकद्वारा विशिष्ट रूपमा हुँदै आएको छ ।

नेपालमा अनादिकालदेखि श्रीपशुपतिनाथलाई राष्ट्रको संरक्षक राष्ट्रदेव मानी बडो श्रद्धाभक्तिपूर्वक पूजा आराधना गरी श्रीविग्रहको चिरकालपर्यन्त व्यवस्थित अर्चनाका लागि व्यक्तिविशेष सङ्घसंस्था एवं राज्यले प्रशस्त गुठी आदिको व्यवस्था गरी आआफ्नो तर्फबाट यथायोग्य योगदान पुऱ्याउँदै आएका छन्। श्रीपशुपतिनाथप्रति अनन्य भक्तिभाव व्यक्त गर्दै राजामहाराजा, शासक एवं प्रशासकहरूले आफ्नो उपाधि

"भगवत्पशुपतिभट्टारकपादानुगृहीतः श्रीपशुपतिचरणधूलिधूसरितशिरोरुहः परममाहेश्वरः"

इत्यादि राखेर श्रीको पुजारी नियुक्ति गर्नेदेखि पूजा अर्चनासम्बन्धी सम्पूर्ण व्यवस्था मिलाउँदै र संरक्षण गर्दै आएको परिप्रेक्ष्यमा श्रीपशुपतिक्षेत्रलाई केन्द्रबिन्दु बनाएर देशभरि नै हिन्दूधर्म, संस्कृति, परम्परा र समाजमा प्रचलित रीतिरिवाज समेतको संरक्षण, संवर्धन र सञ्चालन गर्नमा संस्थागत रूपमा सहयोग पुऱ्याउने मूल उद्देश्यका साथ श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठानको स्थापना भएको हो ।

यस प्रतिष्ठानले उपर्युक्त उद्देश्यपूर्तिका लागि अल्पकालिक एवं दीर्घकालिक विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । यसै क्रममा श्रद्धालु भक्तजनको आवश्यकता पूर्तिको लागि श्रीपशुपतिनाथ र पशुपतिक्षेत्रका देवदेवीहरू सम्बन्धी परिचयात्मक पुस्तक प्रकाशन गर्ने प्रतिष्ठानको कार्यक्रमअन्तर्गत श्रीपशुपतिदर्शन (लघुपरिक्रमा) नामक यो पुस्तक प्रकाशन गरिएको हो ।

यो पुस्तक तयार पार्ने क्रममा प्राज्ञिक योगदान दिनुहुने यस प्रतिष्ठानका विद्वत् परिषद्का सम्पूर्ण सदस्य महानुभावहरूमा यो संस्था हार्दिक कृतज्ञता ज्ञापन गर्दछ ।

यो पुस्तक तयार पार्नका लागि आवश्यक स्रोत र सामग्री जुटाउने क्रममा उपयोग गरिएका विभिन्न प्रकाशित अप्रकाशित ग्रन्थ तथा रचनाका रचनाकार एवं सङ्ग्रहकर्ता सबै महानुभावहरूप्रति प्रतिष्ठान आभारी छ ।

यस पुस्तकमा उपयोग गरिएका स्तुतिहरूलाई नेपालीमा अनुवाद गर्ने प्रा.चेतोनाथ आचार्य तथा माधवप्रसाद लामिछानेलाई यो संस्था कृतज्ञता ज्ञापन गर्दछ । आफ्नो अमूल्य सुझावका साथै आर्थिक सहयोग गर्नुहुने प्रतिष्ठानका कार्यसमितिका पदाधिकारी एवं सदस्य मित्रहरूलाई कृतज्ञता ज्ञापन गर्दछ ।

सम्पादन कार्यलाई व्यवस्थित बनाउन अमूल्य सल्लाह सुझाव प्रदान गर्नुहुने विद्वत्परिषद्का सदस्य डा. नयनाथ पौडेललाई प्रतिष्ठान विशेष धन्यवाद दिन्छ ।

यो श्रीपशुपतिदर्शन (लघुपरिक्रमा) पुस्तक तयार पार्नका लागि समर्पण भावले अध्ययन, अनुसन्धान, स्थलगत निरीक्षण, सामग्री सङ्कलन, संयोजन, कम्प्युटर लेखन आदि कार्यमा अथक परिश्रम गर्नुहुने कार्यकारी समितिका सदस्यहरू श्री श्रीधर गौतम ज्यो. पं. श्री युवराज तिमिल्सिना, श्री खगेन्द्रप्रसाद्र गिरी, श्री राजेन्द्रराज कठायत, श्री प्रमोदराम मिश्र, श्री रविन्द्रप्रसाद गिरी लाई भगवान् श्रीपशुपतिनाथको अनुग्रह सदा सर्वदा रहिरहोस् भनी प्रतिष्ठान प्रार्थना गर्दछ ।

यो पुस्तक सर्वसाधारण भक्त उपासकको प्रयोजनका लागि तयार गरिएको हुनाले यसमा रहस्यविद्या र विधि समावेश गरिएको छैन । श्रद्धालु भक्तहरूले आ-आफ्नो परम्परा एवं अधिकारअनुसार श्रीको दर्शन गर्नुहुने नै छ ।

विज्ञजनको सुझावअनुसार आगामी संस्करणहरूमा यसमा परिष्कार र परिमार्जन गरिने प्रतिबद्धताका साथ सम्पूर्ण

पशुपतिक्षेत्रका देवीदेवताको दर्शन-पूजन सहितको मध्यम परिक्रमा र चौसट्ठी लिङ्गसहितको दर्शनपूजन समाविष्ट बृहत् परिक्रमा पुस्तक यथाशीघ्र प्रकाशित गर्ने प्रतिष्ठानको कार्यक्रम रहेको छ ।

इत्येषा वाङ्मयी पूजा श्रीमच्छङ्करपादयोः ।
अर्पिता तेन देवेश प्रीयतां मे सदाशिवः ॥

"॥ शिवम् ॥"

श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठान
भगवान्का भक्तद्वारा पालनीय आचरण

(क)

- शुद्ध, पवित्र, शालीन, परिधान धारण गर्नु ।
- हस्त, पाद प्रक्षालन, जलसेचन, मार्जन गर्नु ।
- विभूति एवं रुद्राक्ष धारण गर्नु ।
- कायिक, वाचिक, मानसिक शुद्धि एवं सात्त्विक आहार ग्रहण गर्नु ।
- भगवच्चिन्तन एवं नामस्मरण, इष्टमन्त्र जप गर्नु ।
- ऋषिमुनि, सन्त, महात्माद्वारा रचित स्तुति एवं स्तोत्रको पाठ गर्नु ।
- स्तुतिपाठ गर्दा जप ध्यान चिन्तनमा वाधा नपुग्ने गरी कर्णप्रिय लयात्मक मन्दस्वरले वाचन गर्नु ।
- सबै देवीदेवता एकै परमपिता प्रभुका विभिन्न रूप हुन् भन्ने भावना अवलम्बन गर्नु ।
- प्रभुमा अर्पण गने सामग्री एवं पात्रको पवित्रतामा ध्यान दिनु ।
- मूर्तिको सौन्दर्यमा हानी पुग्ने सिक्का, नरिवल, बेल, इत्यादि अर्पणीय पदार्थ नहुर्‍याई भगवान्का सम्मुख अर्पण गर्नु, कृत्रिम रसायनयुक्त पदार्थको प्रयोग नगर्नु ।
- दर्शन परिक्रमाको क्रममा क्रमबद्धता, सद्भाव, अनुशासन एवं मर्यादा पालन गर्नु ।
- भगवान्का अर्चक एवं अर्चनामा सहयोग गर्नेहरूप्रति समुचित सम्मान तथा आदरभाव प्रदर्शन गर्नु ।

- मन्दिरको बन्द भएको अवस्थामा विधिपूर्वक मन्दिरको ढोकामा नै दर्शन गर्नु ।
- पर्व, उत्सव, मेला जात्रा इत्यादिको अवसरमा औपचारिक व्यवस्था अनुसार नै दर्शन गर्नु ।

(ख)

- श्रीपशुपतिक्षेत्रका प्राकृतिक, धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक धरोहरहरूको सम्मान गर्नु ।
- परापूर्वकालदेखि चलिआएका आफ्ना पूर्वजहरूका व्यवस्था रीतिस्थिति परम्पराको सम्मान एवं संरक्षण गर्नु ।
- राजादेखि रङ्कसम्मको अन्तिम गति पशुपति, वाग्वती यो ध्रुवसत्यलाई मनन गरी वाग्वती नदीको पवित्रता स्वच्छता कायम गर्न गराउनमा सहभागिता, सहयोग गर्नु ।
- श्रीपशुपतिक्षेत्रका मठ, मन्दिर, पाटी, पौवा, सत्तल, धर्मशाला, आश्रम, नदी, घाट, कुण्ड, पोखरी ढुङ्गेधारा, वागबगैंचा, जङ्गल, चरणक्षेत्र, चौर इत्यादिको संरक्षणमा सहयोग गर्नु ।
- साँढे, गाई, बाँदर, कुकुर, परेवा लगायतका श्रीपशुपतिनाथमा आश्रित पशुपंक्षीहरूको समुचित स्वस्थकर आहार, आवास, सुरक्षा, स्वास्थ्योपचार इत्यादिमा सहयोग गर्नु ।
- श्रीपशुपति तथा गुह्येश्वरीक्षेत्रको प्राकृतिक स्वरूप र सौन्दर्य अक्षुण्ण राखी समग्र क्षेत्रलाई हराभरा रमणीय प्राचीन श्लेष्मान्तक, मृगस्थली, ध्रुवस्थली, तपोभूमिका रूपमा विकसित गर्नमा सहभागिता जनाउनु तथा सहयोग गर्नु ।

- भगवान्‌को दर्शनार्थ पाल्नुहुने एवं श्रीपशुपति क्षेत्रमा तपस्यारत साधु, सन्त महात्माहरूको यथोचित आदर सम्मान एवं आवास, भोजन, सुरक्षा व्यवस्थामा सहभागिता जनाउनु तथा सहयोग गर्नु ।

अन्यक्षेत्रे कृतं पापं पुण्यक्षेत्रे विनश्यति ।
पुण्यक्षेत्रे कृतं पापं वज्रलेपो भविष्यति ॥

अन्य क्षेत्रमा गरेको पाप पुण्यक्षेत्रमा नाश हुन्छ, पुण्यक्षेत्रमा गरेको पाप वज्रलेपसरह अमिट हुन्छ भन्ने शास्त्रको वचन छ ।

१. श्रीगणेशदर्शन, श्रीकुमारदर्शन, श्रीद्वारदेवतादर्शन



श्रीगणेशाय नमः ॥ श्रीकुमाराय नमः ॥ श्रीद्वारदेवताभ्यो नमः ॥

वक्रतुण्डमहाकाय सूर्यकोटिसमप्रभ ।
निर्विघ्नं कुरु मे देव सर्वकार्येषु सर्वदा ॥

भावार्थः बाङ्गो सूँड तथा विशाल शरीर भएका, करोडौं सूर्यको झैं कान्ति भएका हे भगवान् ! मेरा सबै कार्यहरूलाई सधैं निर्विघ्नतापूर्वक सम्पन्न गर्नुहोस् ।

२. श्रीगजुरदर्शन



वन्दे देवमुमापतिं सुरगुरुं वन्दे जगत्कारणं
वन्दे पन्नगभूषणं मृगधरं वन्दे पशूनां पतिम् ।
वन्दे सूर्यशशाङ्कवह्निनयनं वन्दे मुकुन्दप्रियं
वन्दे भक्तजनाश्रयञ्च वरदं वन्दे शिवं शङ्करम् ॥

भावार्थ : उमा (पार्वती)का पति, देवताका पनि गुरु, जगत्का कारण, सर्पका गहना लगाउने, मृग धारण गर्ने, पशुमात्रका पति, सूर्य, चन्द्र र अग्निरूप तीननेत्र भएका, बालमुकुन्दका प्रिय, भक्तजनका आश्रय, भक्तजनलाई चाहेअनुसारको वर दिने कल्याणकारक भगवान् शिवलाई नमस्कार ।

३. मन्दिरमा प्रतिष्ठित षोडशमातृका, श्रीशरभ-शरभी एवं श्रीरामकुलदर्शन (पश्चिमतर्फ)



स्रोतः इन्टरनेट

सूर्यमण्डलमध्यस्थं रामं सीतासमन्वितम् ।
नमामि पुण्डरीकाक्षममेयं गुरुतत्परम् ॥

भावार्थः सूर्यमण्डलको बीचमा रहेका, कमलको फूलझैँ सुन्दर आँखा भएका, कसैसँग तुलना गर्न नसकिने, गुरुको सेवामा सदैव तत्पर रहने, सीतासहित रामलाई म नमस्कार गर्दछु ।

४. श्रीबिल्ववृक्षदर्शन



त्रिदलं त्रिगुणाकारं त्रिनेत्रञ्च त्रिधायुतम् ।
त्रिजन्मपापसंहारमेकबिल्वं शिवार्पणम् ॥

भावार्थः तीन नेत्र भएका, तीन किसिमका हतियार धारण गर्ने शिवलाई जसले तीन गुण आकारको तीनपाते एकमात्र बेल अर्पण गर्दछ त्यसले तीन जन्मको पाप नाश गर्छ ।

५. श्रीतुलसीदर्शन



देवैस्त्वं निर्मिता पूर्वमर्चितासि मुनीश्वरैः ।
नमो नमस्ते तुलसि पापं हर हरिप्रिये ॥

भावार्थः पूर्वकालमा देवताहरूद्वारा निर्मित मुनीश्वरहरूद्वारा पूजित हे तुलसी ! तिमीलाई नमस्कार छ । हे हरिप्रिये (विष्णुकी प्यारी) तुलसी ! हाम्रा सबै पापहरू नाश गर ।

६. श्रीनृत्येश्वरदर्शन



मंगलं चित्समेशाय शक्तिनाथाय मंगलम् ।
मंगलं नटराजाय त्यागराजाय मंगलम् ॥

भावार्थः चेतनस्वरूप ईश्वर तथा शक्तिका अधिष्ठान सर्वश्रेष्ठ त्यागी नटराज भगवान्लाई शुभ होस् ।

७. श्रीत्रिशूलदर्शन



त्रिशूलं शम्भुहस्तस्थं त्रितापदोषनाशकम् ।
पशुपाशविमुक्त्यर्थं ध्यायेन्मुक्तिप्रदायकम् ॥

भावार्थ : शम्भुको हातमा विद्यमान त्रिशूल तीन किसिमका ताप र दोष निवारण गर्न प्रसिद्ध छ । पशुको पाशविमुक्तिको लागि त्यसको ध्यान गर्दा मुक्ति मिल्दछ ।

८. श्रीअन्नपूर्णादर्शन

अन्नपूर्णे सदापूर्णे शङ्करप्राणवल्लभे ।
ज्ञानवैराग्यसिद्ध्यर्थं भिक्षां देहि च पार्वति ॥

भावार्थः भगवान् शङ्करको प्राणसमान प्रिय, सधैँ अन्नले भरिपूर्ण हे अन्नपूर्णे ! ज्ञान-वैराग्य सिद्धिको लागि भिक्षा दिनुहोस् ।

९. श्रीज्वरेश्वरदर्शन

भीमस्त्रिपादस्त्रिशिरस्त्रिभुजो नवलोचनः ।
भस्मप्रहरणो रौद्रो ज्वरेश्वरो यमोपमः ॥

भावार्थः डरलाग्दो आकार, तीन पाउ, तीन शिर र तीन हात अनि नौवटा नेत्र भएका भस्मधारी ज्वरेश्वर यमराजसमान देखिन्छन् ।

१०. श्रीभृङ्गीदर्शन

निर्मांसेन शरीरेण स्नाय्वस्थिसुनिबन्धनः ।
अतिसूक्ष्मोऽतिविक्रान्तस्त्र्यक्षो भृङ्गीरिटिर्महान् ।
रुद्रात्मजो महावीरो रुद्रैकाहितमानसः
सोऽपि मे शान्तभावेन शान्तिमाशुः प्रयच्छतु ॥

भावार्थ : मांसरहित शरीर, स्नायु (नसा) र हड्डीले दृढ सूक्ष्मरूप, उग्र पराक्रम भएका, तीन नेत्रले युक्त भृङ्गी ठूलो महत्त्वका छन् । रुद्रका पुत्र (आत्मज), महाबलशाली, रुद्रकै हित गर्ने मन भएका ती भृङ्गीरिटिले शान्तभावले मलाई शीघ्र शान्ति प्रदान गरून् ।

११. श्रीचण्डेश्वरदर्शन

श्रीचण्डेश्वराय नमः ॥

श्रीचण्डेश्वरलाई नमस्कार छ ।

१२. श्रीअर्धनारीश्वरदर्शन

मन्दारमालाकुलितालकायै कपालमालाङ्कितशेखराय ।
दिव्याम्बरायै च दिगम्बराय नमः शिवायै च नमः शिवाय ॥

भावार्थः शरीरमा कल्पवृक्षको माला र सुन्दर वस्त्रले शोभित पार्वती (शिवा) र कपाल (खप्पर)को माला धारण गर्ने तथा चारवटा दिशालाई नै वस्त्रको रूपमा प्रयोग गर्ने (दिगम्बर) शिवलाई नमस्कार छ ।

१३. श्रीवासुकिनारायणदर्शन

हेमप्रभं भोगिसहस्रमण्डितं पीताम्बरं रत्नकिरीटकुण्डलम् ।
वराभये पन्नगधारिणं करे त्वां नागराजं प्रणतोऽस्मि वासुकिम् ॥

भावार्थ: नम्बरी सुनको जस्तो उज्ज्वल कान्ति भएका, हजारौँ सर्पसमुदायले मण्डित, पीताम्बरधारी, कान र शिरमा रत्नको कुण्डल र किरीटले सुशोभित, वर र अभय मुद्राले युक्त, हातमा सर्प धारण गरेका नागराज वासुकिलाई नमस्कार छ ।

१४. मन्दिरमा प्रतिष्ठित श्रीषोडशमातृका र शिवकुलदर्शन

(उत्तरपट्टिको)

गिरीशं गणेशं गले नीलवर्णं
गवेन्द्राधिरूढं गणातीतरूपम् ।
भवं भास्वरं भस्मना भूषिताङ्गं
भवानीकलत्रं भजे पञ्चवक्त्रम् ॥

भावार्थः कैलास पर्वतका मालिक, गणका स्वामी , नीलो वर्ण भएका, वृषभमाथि चढेका, अनगिन्ती रूप भएका, ज्योतिस्वरूप, भस्मले सुशोभित अङ्ग भएका, पञ्चमुखी, पार्वतीका स्वामी शिवको भजन गर्दछु ।

१५. श्रीहाटकेश्वर (सिद्धेश्वर) दर्शन



लसद् विभूतिभूषितं फणीन्द्रहारमीश्वरं
नमामि हाटकेश्वरं भजामि हाटकेश्वरम् ॥

भावार्थः अत्यन्त उज्ज्वल ऐश्वर्यले विभूषित, नागको माला लगाएका हाटकेश्वर प्रभुलाई म नमस्कार गर्दछु ।

१६. श्रीगुप्तेश्वर महादेवदर्शन

नमः शिवाय गुरवे सच्चिदानन्दमूर्तये ।
निष्प्रपञ्चायशान्ताय निरालम्बाय तेजसे ॥

भावार्थः गुरुस्वरूप, सच्चिदानन्दस्वरूप, सम्पूर्ण प्रपञ्चले रहित, शान्तस्वरूप, कुनै आलम्बन नभएका, तेजरूप भगवान् शिवलाई नमस्कार छ ।

१७. श्रीवाग्वतीदर्शन एवं मार्जन



शुद्धस्फटिकसङ्काशां त्रिनेत्रां चारुहासिनीम् ।
चतुर्भुजां महेशानीं मकरकुण्डलाञ्चिताम् ॥
सम्पूर्णेन्दुमुखीं देवीं सर्वाभरणभूषिताम् ।
दधानां सर्वशो हस्तैः पाशाङ्कुशवराभयाम् ॥

भावार्थः निर्मल स्फटिकजस्तो वर्ण भएकी, तीनवटा आँखा भएकी सुन्दर हाँसो भएकी, चारवटा हात भएकी, महादेवकी अभिन्न शक्तिस्वरूप, गोही अङ्कित कुण्डल धारण गरेकी, पूर्ण चन्द्रभैँ मुख भएकी, सम्पूर्ण गहनाले सुसज्जित, आफ्ना चारवटा हातमा पाश, अङ्कुश, वर र अभय धारण गरेकी वाग्वतीलाई नमस्कार गर्दछु ।

१८. श्रीतारेश्वर महादेव एवं ब्रह्मनालदर्शन

मृत्युञ्जय महादेव त्राहि मां शरणागतम् ।
जन्ममृत्युजरारोगैः पीडितं कर्मबन्धनैः ॥

भावार्थः मृत्युलाई विजय गरेका हे महादेव ! जन्म, मृत्यु, जरा (वुढ्यौली), रोग र कर्मबन्धनले पीडित भएर (बाँधिएर) शरणागत भएको मलाई रक्षा गर्नुहोला ।

१९. श्रीमृगेश्वर र श्रीमाधवनारायणदर्शन

मृगरूपाय मान्याय व्योमस्थाय नमो नमः ।
नमोऽस्तु चैकशृङ्गाय त्रिनेत्राय नमो नमः ॥

भावार्थः एउटा सिङ् र तीन आँखा भएका सबैका माननीय मृगरूप भगवान् मृगेश्वरलाई नमस्कार छ ।

मूकं करोति वाचालं पङ्गुं लङ्घयते गिरिम् ।
यत्कृपा तमहं वन्दे परमानन्दमाधवम् ॥

भावार्थः जसको कृपाले लाटो बोल्न सक्ने हुन्छ, लङ्गडो पहाड नाघ्न सक्ने हुन्छ त्यस्ता परमानन्दस्वरूप माधवनारायणलाई म वन्दना गर्दछु ।

२०. श्रीविरूपाक्ष दर्शन एवं जलअर्पण

नमस्तुभ्यं विरूपाक्ष नमोऽस्तु दिव्यचक्षुषे
नमः पिनाकहस्ताय वज्रहस्ताय धन्विने
नमः त्रिशूलहस्ताय द्वन्द्वहस्ताय धूर्जटे
नमस्त्रैलोक्यनाथाय भूतग्रामशरीरिणे ॥

भावार्थः दिव्य आँखा भएका, पिनाक धनु हातमा लिएका, वज्रसरह हात भएका, त्रिशूल हातमा लिएका, दुई हात भएका, ज्यादै उँचो जटा भएका, तीनै लोकका स्वामी, सम्पूर्ण प्राणीलाई शरीरका रूपमा धारण गरेका भगवान् विरूपाक्षलाई नमस्कार छ ।

२१. श्रीगङ्गामाता दर्शन



यदवधितवनीरं पातकी नैति गंगे
तदवधिमलजालैर्नैव मुक्तिः कलौ स्यात् ।
तव जलकणिकालं पापिनां पापशुद्ध्यै
पतितपरमदान्धांस्त्वं हि पासि प्रपन्नाम् ॥

भावार्थः हे गङ्गामाता ! जबसम्म पापीले तपाइँको जलको स्पर्श गर्दैन तबसम्म कलियुगमा मलको समूह वा पापसमूहबाट उसको मुक्ति सम्भव छैन । तपाइँको जलको सानो थोपा पनि पापीहरूको पापलाई शुद्ध गर्न समर्थ छ । पापकर्मले पतित भएका, अहङ्कारले अन्धा भएका तथा तपाइँको शरणमा परेकाहरूलाई रक्षा गर्ने तपाइँलाई नमस्कार छ ।

२२. श्रीशेषनारायणदर्शन

शान्ताकारं भुजगशयनं पद्मनाभं सुरेशं
विश्वाधारं गगनसदृशं मेघवर्णं शुभाङ्गम् ।
लक्ष्मीकान्तं कमलनयनं योगिभिर्ध्यानगम्यं
वन्दे विष्णुं भवभयहरं सर्वलोकैकनाथम् ॥

भावार्थ : शान्त आकृति भएका, शेषनागमा शयन गर्ने, नाभिमा कमल धारण गर्ने, देवताका स्वामी, विश्वलाई धारण गर्ने, आकाशजस्तो नीलवर्ण र सुन्दर अङ्ग भएका, लक्ष्मीका पति, कमलपत्रसमान आँखा भएका, योगीहरूले ध्यानबाट जानिने, संसारको भय निवारण गर्न सक्षम सबै लोकका एकमात्र स्वामी भगवान् विष्णुलाई म नमस्कार गर्दछु ।

२३. श्रीलालगणेशदर्शन



गजाननं भूतगणादिसेवितं कपित्थजम्बूफलचारुभक्षणम् ।
उमासुतं शोकविनाशकारकं नमामि विघ्नेश्वरपादपङ्कजम् ॥

भावार्थः हात्तीको जस्तो वदन (मुहार) भएका, भूतगणका स्वामी, कैथ र जामुनजस्ता रसिला फल खाने, पार्वतीका पुत्र, चिन्ता, शोकलाई नाश गर्ने विघ्नका ईश्वर गणेशजीका कमलरूपी पाउ (गोडा) लाई नमस्कार गर्दछु ।

२४. श्रीनिद्रेश्वरदर्शन

एनस्कृतोऽपि विषयेष्वपि सक्तभावा
ज्ञानान्वयश्रुतगुणैरपि नैवयुक्ताः ।
यं संश्रिताः सुखभुजः पुरुषा भवन्ति
तं शंकरं शरणदं शरणं व्रजामि ॥

भावार्थः जो पापकर्ममा लिप्त र विषयवासनामा आसक्त छन्, जो उत्तम ज्ञान, कुल, शास्त्र र गुणरहित छन्, त्यस्ता मानिसहरू पनि जसको आश्रयमा जानाले सुखी हुन्छन्, त्यस्ता शरणदाता भगवान् शङ्करको म शरण पर्दछु ।

२५. मन्दिरमा प्रतिष्ठित श्रीषोडशमातृका एवं गुह्येश्वरी कलशसहित श्रीकृष्णकुलदर्शन(पूर्वपट्टि)



रुक्मिणीकेलिसंयुक्तं पीताम्बरं सुशोभितम्
अवाप्ततुलसीगन्धं कृष्णं वन्दे जगद्गुरुम् ॥

भावार्थः रुक्मिणीका साथ रतिक्रीडामा संलग्न, पहेँलो वस्त्र धारण गर्ने, अत्यन्त शोभाले युक्त, तुलसीको वासनाले युक्त, जगत्का गुरु श्रीकृष्णलाई वन्दना गर्दछु ।

२६. श्रीकृष्णदर्शन



कृष्णाय वासुदेवाय हरये परमात्मने ।
प्रणतक्लेशनाशाय गोविन्दाय नमो नमः ॥

भावार्थ : कृष्ण, वासुदेव, हरि, परमात्माजस्ता नामले प्रख्यात शरणमा परेकाहरूको दुःखकष्ट हरण गर्ने गोविन्द भगवान्लाई नमस्कार छ ।

२७. श्रीसूर्यनारायणदर्शन

जपाकुसुमसङ्काशं काश्यपेयं महाद्युतिम् ।
तमोऽरिं सर्वपापघ्नं प्रणमामि दिवाकरम् ॥

भावार्थ : जपापुष्प (बाह्रमासे) फूलसमान कान्ति भएका, कश्यप ऋषिका पुत्र, परम प्रकाशले युक्त, अन्धकारका शत्रु, सबै किसिमका पापहरूलाई नाश गर्ने दिवाकर (सूर्य) लाई प्रणाम गर्दछु ।

२८. श्रीगरुडनारायणदर्शन



यस्य स्मरणमात्रेण जन्मसंसारबन्धनात् ।
विमुच्यते नमस्तस्मै विष्णवे प्रभविष्णवे ॥

भावार्थः जसको स्मरणमात्रले जन्म र संसारको बन्धनबाट व्यक्ति मुक्त बन्दछ, छुट्तछ त्यस्ता सर्वव्यापक र सर्वसामर्थवान् भगवान् विष्णुलाई नमस्कार छ ।

२९. श्रीसरस्वतीदर्शन

या कुन्देन्दुतुषारहारधवला या शुभ्रवस्त्रावृता
या वीणावरदण्डमण्डितकरा या श्वेतपद्मासना ।
या ब्रह्माच्युतशङ्करप्रभृतिभिर्देवैः सदा वन्दिता
सा मां पातु सरस्वती भगवती निःशेषजाड्यापहा ॥

भावार्थः जो कुन्दपुष्प (सेतो वर्णको चमेलीजस्तै फूल), स्वच्छ चन्द्रमा र हिउँ समान सेतो वर्णकी छन्, जसको पहिरन पनि सेतै छ, जसको हात वीणाको दण्डले सुशोभित छ, सेतो कमलको आसन भएकी, ब्रह्मा, विष्णु र शङ्करसमेतले वन्दना गरिने, प्रगाढ मूर्खपनालाई पनि नाश गर्ने ती देवी सरस्वतीले मलाई रक्षा गरून् ।

३०. श्रीगुह्येश्वरीमाताभावना

गुह्येश्वरीं महाभागां नित्यं पशुपतिप्रियाम् ।
नेपालस्थां सदा नौमि भवघोरान्धहारिणीम् ॥

भावार्थ : सतीको गुह्यपतनबाट उत्पन्न भएकी गुह्यकाली (गुह्येश्वरी) भगवान् पशुपतिकी नित्यप्रिया, नेपालको प्रसिद्ध पाशुपतक्षेत्र स्थलमा विराजमान भएकी, संसारको घोर अन्धकारलाई नाश गर्ने श्रीगुह्येश्वरी देवीलाई नमस्कार छ ।

३१. श्रीयन्त्रदर्शन

वन्दे मातरमम्बिकां भगवतीं वाणीरमासेविताम्
कल्याणीं कमनीयकल्पलतिकां कैवल्यनाथप्रियाम् ।
वेदान्तप्रतिपाद्यमानविभवां विद्वन्मनोरञ्जनीं
श्रीचक्रांकितरत्नपीठनिलयां श्रीराजराजेश्वरीम् ॥

भावार्थः लक्ष्मी तथा सरस्वतीद्वारा सेवा गरिएकी, कल्याण गर्ने, अत्यन्त सुन्दर कल्पवृक्षजस्तो स्वरूपले युक्त, कैवल्यनाथ परम प्रभुकी प्रिया, वेदान्तशास्त्रले प्रतिपादन गरेको स्वरूप भएकी, विद्वान्हरूको मनलाई आनन्द प्रदान गर्ने, श्रीचक्र अङ्कित रत्नपीठलाई आफ्नो निवास बनाएकी श्रीराजराजेश्वरी भगवतीलाई म वन्दना गर्दछु ।

३२. श्रीकलीश्वरदर्शन

देव स्मरन्ति तव ये तेषां स्मरतोऽपि नार्तिकीर्तिम् ।
कलयसि शिव पाहीति क्रन्दन् सीदाम्यहं किमुचितमिदम् ॥

भावार्थः हे प्रभु ! जसले तपाइँको स्मरण गर्दछन् तिनीहरूको दुःख तपाइँको सम्झना मात्रले पनि नष्ट हुन्छ, मेरो रक्षा गर भन्नेलाई तपाइँ रक्षा गर्नुहुन्छ भने मचाहिँ (संसाररूपी महासागरमा) डुब्दैछु, के यो उचित हो ?

३३. श्रीवत्सलेश्वरीमाईदर्शन



नमो नमस्ते देवेशि सर्वदुःखविनाशिनि ।
विनाशय महादुःखं कृपया भक्तवत्सले ॥

भावार्थ : सम्पूर्ण दुःख नाशगर्ने रूपमा प्रसिद्ध हे भक्तवत्सल वत्सलेश्वरी ! हाम्रो कष्टकर ठूलो दुःख पनि नाश गर ।

३४. श्रीलक्ष्मीनारायणदर्शन

उद्यदादित्यसंकाशं पीतवाससमच्युतम् ।
शंखचक्रगदापाणिं ध्यायेल्लक्ष्मीपतिं हरिम् ॥

भावार्थः उदाउँदो सूर्यको जस्तो तेज भएका, पहँलो वस्त्र धारण गर्ने, शङ्ख, चक्र र गदा धारण गर्ने लक्ष्मीका पति अच्युत हरिलाई नमस्कार छ ।

३५. श्रीरामदर्शन

निरञ्जनं निष्प्रतिमं निरीहं
निराश्रयं निष्कलमप्रपञ्चम् ।
नित्यं ध्रुवं निर्विषयस्वरूपं
निरन्तरं राममहं भजामि ॥

भावार्थः निरञ्जन, अतुलनीय, अलौकिक, आश्रयहीन, कलाले रहित, प्रपञ्चहीन, शाश्वत, निर्विषयस्वरूप, भगवान् रामको म निरन्तर भजन गर्दछु ।

३६. श्रीभद्रश्वेर (भस्मेश्वरदर्शन)

भस्मांगरागकृतरूपमनोहराय
सौम्यावदातवनमाश्रितमाश्रिताय ।
गौरीकटाक्षनयनार्धनिरीक्षणाय
गोक्षीरधारधवलाय नमः शिवाय ॥

भावार्थः खरानी रङ्गले रङ्गिएर अत्यन्त मनोहर बनाएका, शान्त र सुन्दर वनवासीहरूका आश्रय, पार्वतीको कटाक्षलाई आफ्नो अर्ध नेत्रले हेर्ने, गाईको दूधजस्तो सेतो वर्ण भएका मङ्गलमूर्ति भगवान् शिवलाई नमस्कार छ ।

३७. श्रीमुक्तिमण्डपमा बसी ध्यानक्रिया



कुल, परम्परा र अधिकारअनुसार ध्यान गर्ने ।

३८. श्रीसन्तापहरेश्वर (सन्तानेश्वर) दर्शन

शंभो मयि करुणाशिशिरां दृष्टिं दिशन् सुधावृष्टिम् ।
सन्तापमपाकुरुमे सन्तापपरमेश तव दयायां स्याम् ॥

भावार्थः हे शम्भो ! ममा करुणदृष्टि दिँदै अमृतको वर्षा गर्नुहोस् । मेरो सन्ताप हरण गर्नुहोस् । हे परमेश्वर ! म तपाइँको दयाको आश्रयमा रहूँ ।

३९. श्रीकीर्तिमुखभैरवदर्शन

नमो नमस्ते भगवन् वरभैरव क्षेत्रप ।
अनुज्ञां देहि यात्रायै ज्योतिर्लिङ्गेश्वरस्य हि ॥

भावार्थः क्षेत्रपालको रूपमा प्रसिद्ध हे कीर्तिमुख भैरव ! ज्योतिर्लिङ्गरूप भगवान् पशुपतिको दर्शनका लागि मलाई अनुमति दिनुहोस् ।

४०. श्रीशीतलामातादर्शन



वन्देऽहं शीतलां देवीं सर्वरोगभयापहाम् ।
यामासाद्य निवर्तेत विष्फोटकभयं महत् ॥

भावार्थः शरीरधारी प्राणीमा लाग्ने विभिन्न रोगको भयलाई विनाश गर्ने हे शीतले ! तिमीलाई नमस्कार छ । तिम्रो कृपाप्रसादले कष्टकर घाउखटिराको भय पनि शमन हुन्छ र शान्त बन्छ ।

४१. श्रीचौसठ्ठी लिङ्ग एवं श्रीकोटिलिङ्गेश्वरदर्शन



त्वत्तो जगद् भवति देव भवस्मरारे
त्वय्येव तिष्ठति जगन्मृड विश्वनाथ ।
त्वय्येव गच्छ्ति लयं जगदेतदीश
लिङ्गात्मकं हर चराचरविश्वरूपिन् ॥

भावार्थः कामदेवलाई भस्म पार्ने हे भगवान् विश्वनाथ ! सृष्टिकालमा यो विशाल संसार तपाइँबाट सृष्टि भएर स्थितिकालमा तपाइँमै अड्छ र अन्त्यमा तपाइँमै गएर लीन हुन्छ । तपाईंको लिङ्गरूप नै चराचर विश्व हो ।

४२. मन्दिरमा प्रतिष्ठित श्रीषोडशमातृका एवम् श्रीपाण्डवकुलदर्शन (दक्षिणपट्टि)

द्रौपदीसहिताय पञ्चपाण्डवाय नमः

द्रौपदीसहित पञ्चपाण्डवलाई नमस्कार छ ।

४३. श्रीउन्मत्तभैरवदर्शन

उन्मत्तकीर्तिरुन्मत्तो माधवीनमितो मतिः ।
महाश्रृंगोऽमृतो मन्त्रो मांगल्यो मंगलप्रियः ॥
ॐउन्मत्तभैरवाय नमः ।

भावार्थः बुद्धि, अमृत, कल्याण तथा मन्त्रस्वरूप भएका, भगवती दुर्गाले पूजिएका, कामवासनाले अत्यन्त उत्तेजित उन्मत्तस्वरूप भएका, कल्याणदायी उन्मत्तभैरवलाई नमस्कार छ ।

४४. श्रीयज्ञकुण्डदर्शन

आप्यायन्ते च ते यज्ञास्त्वदाधारा हुताशन ।
अतः सर्वस्य योनिस्त्वं वह्नि सर्वमयस्तथा ॥

भावार्थः हे अग्नि ! तपाईंलाई दिइएको आहुतिबाट तपाईंको आधारस्वरूप यज्ञहरू सन्तुष्ट हुन्छन् त्यसैले हे अग्निदेव ! तपाईं सबैको जुनीस्वरूप हुनुहुन्छ । सर्वमय तपाईंलाई नमस्कार छ ।

४५. श्रीसप्तमातृकादर्शन

ब्राह्मी माहेश्वरी चैव कौमारी वैष्णवी तथा ।
वाराही च तथेन्द्राणी चामुण्डा सप्तमातरः ॥

भावार्थः ब्राह्मी, माहेश्वरी, कौमारी, वैष्णवी, वाराही, इन्द्राणी र चामुण्डा यी सप्तमातृका हुन्, यिनीहरूलाई नमस्कार छ ।

श्रीगणेशवीरेशसहितमातृकाभ्यो नमः ॥

४६. श्रीअनन्तेश्वरदर्शन

वन्दे सूक्ष्ममनन्तमाद्यमभयं वन्देऽन्धकारापहं
वन्दे फूलननन्दिभृंगिविनतं वन्दे सुपर्णावृतम् ।
वन्दे शैलसुतार्धभागवपुषं वन्देऽभयं त्र्यम्बकं
वन्दे भक्तजनाश्रयं च वरदं वन्दे शिवं शंकरम् ॥

भावार्थः अज्ञानरूप अन्धकारलाई नाश गर्ने, नन्दी भृङ्गी आदि गणले वन्दना गरिएका, देवता तथा गन्धर्वगणले घेरिएका, पार्वतीको आधा अङ्गयुक्त शरीर भएका, तीनवटा मुख भएका, भक्तजनहरूको आश्रयस्वरूप तथा उनीहरूलाई वर प्रदान गर्ने, कल्याणस्वरूप एवं त्रिविधदुःखलाई शमन गर्ने सूक्ष्म, अनन्त, आद्यस्वरूप, भयरहित, भगवान् शिवशङ्करलाई वन्दना गर्दछु ।

४७. श्रीनवग्रहदर्शन



ब्रह्मा मुरारिस्त्रिपुरान्तकारी भानुः शशी भूमिसुतो बुधश्च ।
गुरुश्च शुक्रः शनिराहुकेतवः सर्वे ग्रहाः शान्तिकरा भवन्तु ॥

भावार्थः ब्रह्मा, विष्णु र त्रिपुर ध्वस्त पार्ने शिव, सूर्य, चन्द्रमा, भूमिपुत्र मङ्गल, बुध, बृहस्पति, शुक्र, शनि, राहु र केतु यी सबै ग्रहहरू शान्ति प्रदान गर्ने होऊन् ।

४८. श्रीहनुमान्‌दर्शन



मनोजवं मारुततुल्यवेगं जितेन्द्रियं बुद्धिमतां वरिष्ठम् ।
वातात्मजं वानरयूथमुख्यं श्रीरामदूतं शरणं प्रपद्ये ॥

भावार्थः मनको गति र वायुको जस्तो तीव्र वेग भएका, इन्द्रियलाई वशमा राख्ने बुद्धिमान्‌हरूमा श्रेष्ठ, वायुका पुत्र, वानर समुदायका प्रमुख, श्रीरामका दूत हनुमान्‌जीको शरण पर्दछु ।

४९. श्रीसत्यनारायणदर्शन

सत्यनारायणं देवं वन्देऽहं कामदं विभुम् ।
लीलया रचितं विश्वं येन तस्मै नमो नमः ॥

भावार्थः भक्तलाई इच्छा लागेको वस्तु प्रदान गर्ने, सर्वव्यापक, लीलापूर्वक विश्वको रचना गर्ने भगवान् श्रीसत्यनारायणलाई नमस्कार छ ।

५०. श्रीनन्दीश्वरदर्शन



स्रोतः इन्टरनेट

धर्मस्त्वं वृषरूपेण जगदानन्दकारकः ।
अष्टमूर्तेरधिष्ठानमतः पाहि सनातनः ॥

भावार्थः जगत्लाई आनन्द दिने हे धर्म ! तिमी बसाहारूपले अष्टमूर्ति शिवका वाहन बनेका छौ । नित्यप्रति अमररूपले रहने तिमी हामीलाई रक्षा गर ।

५१. श्रीछत्रचण्डेश्वरदर्शन



सम्यग्ज्ञानादियुक्तः सकलगुणगणं क्षोभयित्वा प्रधानम् ।
ब्रह्मादिस्थावरान्तञ्जगदिदमखिलं योऽसृजद्विश्वरूपम् ।
आजीव्यं सर्वपुंसां गिरितरुगहनं यः करोत्वेकरूपम्
पायात् सोऽब्धः प्रसन्नः स्मरतनुदहनश्छत्रचण्डेश्वरो वः ॥

भावार्थः सत्त्व, रज र तमोगुणको साम्यावस्था प्रकृतिमा क्षोभ उत्पन्न गरेर जसले ब्रह्मादेखि स्थावरपर्यन्त यो समस्त जगत्को रचना गर्नुभयो, सबै मानिसहरूको जीवनको आधारस्वरूप पहाड, वृक्ष र वनजङ्गललाई एकनासले निर्माण गर्ने, कामदेवलाई भस्म गर्ने, ज्ञान आदि शक्तिले युक्त, प्रसन्नस्वरूप छत्रचण्डेश्वरले सबैलाई रक्षा गरून् ।

५२. श्रीधर्मशिलादर्शन एवं श्रीगुरुदक्षिणामूर्ति वन्दना तथा इष्टमन्त्र जप

ईश्वरो गुरुरात्मेति मूर्तिभेदविभागिने ।
व्योमवत्व्याप्तदेहाय दक्षिणामूर्तये नमः ॥

भावार्थ : ईश्वर, गुरु र आत्माका रूपमा स्वरूपभेदमा देखापर्ने आकाशजस्तै सर्वत्र व्यापक दक्षिणामूर्ति गुरुलाई नमस्कार छ ।

(इष्टमन्त्र जप-ध्यान गर्ने)

५३ (क) श्रीपशुपतिनाथ ऊर्ध्वमुख (ईशान) दर्शन



व्यक्ताव्यक्तगुणोत्तरं सुविमलं षट्त्रिंशतत्त्वात्मकं
तस्मादुत्तरतत्त्वमक्षरमिति ध्येयं सदा योगिभिः ।
वन्दे तामसवर्जितं त्रिनयनं सूक्ष्मातिसूक्ष्मं परम्
शान्तं पञ्चममीश्वरस्य वदनं खंव्यापितेजोमयम् ॥

भावार्थः व्यक्त (प्रकट), अव्यक्त (अप्रकट) गुणभन्दा माथिका, अत्यन्त निर्मल, छत्तीस तत्त्वभन्दा माथिको अक्षर तत्त्वका रूपमा विद्यमान योगीहरूले नित्य प्रतिध्यान गरिने तमोगुणको स्पर्शले रहित तीन नयनले युक्त, सूक्ष्मभन्दा पनि सूक्ष्म, शान्त र आकाशजस्तै सर्वव्यापी भगवान् शिव (ईश्वर) को पाँचौ ईशानमुखलाई म वन्दना गर्छु ।

(ख) श्रीपशुपतिनाथपूर्वमुख (तत्पुरुष) दर्शन

संवर्ताग्नितडित्प्रदीप्तकनकप्रस्पर्धितेजोमयं
गम्भीरध्वनिमिश्रितोग्रदशनप्रोद्भासिताम्राधरम् ।
अर्धेन्दुद्युतिलोलपिङ्गलजटाभारप्रबद्धोरगं
वन्दे सिद्धसुरासुरेन्द्रनमितं पूर्वं मुखं शूलिनः ॥

भावार्थः प्रलयकालिक विद्युत् र पग्लेको नम्बरी सुनसित प्रतिस्पर्धा गर्ने, तेजोमय गम्भीर ध्वनिले युक्त, डरलाग्दा दन्तपङ्क्ति भएका, रातो तल्लो ओठ भएको, अर्धचन्द्रको प्रकाशले युक्त, चलायमान कैलो जटाभारलाई नागले बाँधेका, सिद्ध, सुर (देवता) र असुर (राक्षस) हरूले नमस्कार गरिएका भगवान् शिवको तत्पुरुषरूप पूर्वमुखलाई नमस्कार छ ।

(ग) श्रीपशुपतिनाथदक्षिणमुख (अघोर) दर्शन



कालाभ्रभ्रमराञ्जनद्युतिनिभं व्यावृत्तपिङ्गेक्षणं
कर्णोद्भासितभोगिमस्तकमणिप्रोद्भिन्नद्रंष्ट्राङ्कुरम् ।
सर्पप्रोतकलापशुक्तिशकलव्याकीर्णसच्छेखरं
वन्दे दक्षिणमीश्वरस्य कुटिलं भ्रूभङ्गरौद्रं मुखम् ॥

भावार्थः कालो मेघ, कालो भ्रमर र गाजलको जस्तो गाढा कृष्णवर्णको, कैला आँखा भएका, सर्प शिरमा राखेका, मणिकानमा सुशोभित दन्तपङ्क्तिले युक्त, सर्पले बाँधेर अड्याएको कपालमा सिपिका टुक्रा जडेको, बाङ्गो आँखीभुइँले गर्दा डरलाग्दो देखिने भगवान् शिवको अघोर नामको दक्षिणमुखलाई नमस्कार छ ।

(घ) श्रीपशुपतिनाथ उत्तरमुख (वामदेव) दर्शन

गौरं कुङ्कुमपङ्कजं सुतिलकं व्यापाण्डुगण्डस्थलं
भ्रूविक्षेपकटाक्षवीक्षणलसत्संसिक्तकर्णोत्पलम् ।
स्निग्धं बिम्बफलाधरप्रहसितं नीलालकालङ्कृतं
वन्दे पूर्णशशाङ्कमण्डलनिभं वक्त्रं हरस्योत्तरम् ॥

भावार्थः सेतो काश्मीर केशरले बनेको टीका धारण गरेका, फुस्रो माला भएका, चलायमान भ्रूभङ्गले युक्त, कटाक्षको हेराइ, कानमा सुन्दर कमल सुशोभित, हेर्दा चिल्लो देखिने गोलकाँक्रीजस्तो सुन्दर तल्लो ओठ, हँसमुख कालो, नीलो अलकावलीले युक्त, पूर्णचन्द्रको मण्डलसमान कान्ति भएको भगवान् शिवको उत्तरतिरको वामदेव मुखलाई नमस्कार छ ।

(ङ) श्रीपशुपतिनाथ पश्चिममुख (सद्योजात) दर्शन

प्रालेयाचलचन्द्रकुन्दधवलं गोक्षीरफेनप्रभं
भस्माभ्यक्तमनङ्गदेहदहनज्वालावलीलोचनम् ।
ब्रह्मेन्द्रादिमरुद्गणैः स्तुतिपरैरभ्यर्चितं योगिभि-
र्वन्देऽहं सकलं कलङ्करहितं स्थाणोर्मुखं पश्चिमम् ॥

भावार्थ : हिमालय पर्वत, पूर्णचन्द्र र कुन्दपुष्प समान सेतो गाईको निख्खर दूध र सङ्लो पानीको फिँजजस्तो सेतो भस्मभूषित, कामदेवको शरीर जलाउँदा निस्केको अग्निको ज्वालासमान नेत्र भएका, ब्रह्मा-इन्द्र-मरुद्गणले स्तुति गरिएका, योगीद्वारा ध्यान गरिने कलङ्करहित भगवान् शिवको सद्योजात नामको पश्चिममुखलाई नमस्कार छ ।

(च) श्रीपशुपतिनाथ अघोमुख (कालाग्निरुद्र) भावना

- चित्रस्रोत : प्रा. विद्यानाथ उपाध्याय भट्ट

त्वमक्षरं परमं वेदितव्यं
त्वमस्य विश्वस्य परं निधानम् ।
त्वमव्ययः शाश्वतधर्मगोप्ता
सनातनस्त्वं पुरुषो मतो मे ॥

भावार्थः तपाइँ सम्पूर्ण विश्वको परम आश्रय, अविनाशी अक्षरस्वरूप, सर्वश्रेष्ठ, कहिल्यै परिवर्तन नहुने, शाश्वतधर्मका रक्षक, सनातन पुरुषको म भावना गर्दछु ।

५४. क्षमाप्रार्थना



स्रोतः इन्टरनेट

करचरणकृतं वाक्कायजं कर्मजं वा
श्रवणनयनजं वा मानसं वाऽपराधम् ।
विहितमविहितं वा सर्वमेतत् क्षमस्व
जय जय करुणाब्धे श्रीमहादेव शम्भो ॥

भावार्थ : हात, गोडा, बोली, शरीर, कान, आँखा, मन जुनसुकैले भएका वा हुने जेजति अपराध छन्, हे करुणाका खानी शम्भो ! त्यो क्षमा गरिदिनुहोस् ।

श्रीमच्छङ्कराचार्यविरचितं शिवपञ्चाक्षरस्तोत्रम्

नागेन्द्रहाराय त्रिलोचनाय भस्माङ्गरागाय महेश्वराय ।
नित्याय शुद्धाय दिगम्बराय तस्मै नकाराय नमः शिवाय ॥१॥
मन्दाकिनीसलिलचन्दनचर्चितायनन्दीश्वरप्रमथनाथमहेश्वराय ।
मन्दारपुष्पबहुपुष्पसुपूजितायतस्मै मकाराय नमः शिवाय ॥२॥
शिवाय गौरीवदनाब्जवृन्दः सूर्याय दक्षाध्वरनाशकाय ।
श्रीनीलकण्ठाय वृषध्वजायतस्मै शिकाराय नमः शिवाय ॥३॥
वसिष्ठकुम्भोद्भवगौतमार्यमुनीन्द्रदेवार्चितशेखराय ।
चन्द्रार्कवैश्वानरलोचनाय तस्मै वकाराय नमः शिवाय ॥४॥
यक्षस्वरूपाय जटाधराय पिनाकहस्ताय सनातनाय ।
दिव्याय देवाय दिगम्बराय तस्मै यकाराय नमः शिवाय ॥५॥
पञ्चाक्षरमिदं पुण्यं यः पठेच्छिवसन्निधौ ।
शिवलोकमवाप्नोति शिवेन सह मोदते ॥६॥

भावार्थः श्रेष्ठ नागको हार लगाएका, तीन नेत्रवाला, भस्मभूषित, ईश्वरका पनि ईश्वर, नित्य, शुद्ध, दिगम्बर(नङ्गा) नकाररूप शिवलाई नमस्कार छ ॥१॥

मन्दाकिनी (गङ्गा) को जलमा घोटिएको चन्दन लगाउने, नन्दीश्वर र प्रमथगणका स्वामी, महेश्वर, पारिजातजस्ता बहुविध फूलले पूजित मकाररूप भगवान् शिवलाई नमस्कार छ ॥२॥

कल्याणकारक पार्वतीको मुखरूपी कमलको शोभाले युक्त, दक्षको यज्ञविध्वंस गर्ने, नीलो ग्रीवा (घाँटी) भएका, बसाहा अङ्कित ध्वजा भएका शिकाररूप भगवान् शिवलाई नमस्कार छ ॥३॥

वसिष्ठ, अगस्त्य, गौतमजस्ता श्रेष्ठ ऋषिवृन्दद्वारा पूजित चन्द्र, सूर्य र अग्निस्वरूप नेत्र भएका वकाररूप भगवान् शिवलाई नमस्कार छ ॥४॥

यक्षरूप, जटाधर, पिनाक नामको धनुष धारण गर्ने, सनातन, दिव्यरूप, दिगम्बर, यकाररूप भगवान् शिवलाई नमस्कार छ ॥५॥

“नमः शिवाय” रूपी यो पञ्चाक्षरमन्त्र जसले शिवको सामीप्यमा पाठ गर्दछ त्यसले शिवलोक प्राप्त गर्नुका साथै शिवलोकमा भगवान् शिवका साथ आनन्दले बस्न पाउँछ ॥६॥

श्रीमार्कण्डेयमुनिकृतं मृत्युञ्जयस्तोत्रम्

ॐरुद्रं पशुपतिं स्थाणुं नीलकण्ठमुमापतिम् ।
नमामि शिरसा देवं किं नो मृत्युः करिष्यति ॥१॥
कालकण्ठं कलामूर्तिं कालाग्निं कालनाशनम् ।
नमामि शिरसा देवं किं नो मृत्युः करिष्यति ॥२॥
नीलकण्ठं विरूपाक्षं निर्मलं निरुपद्रवम् ।
नमामि शिरसा देवं किं नो मृत्युः करिष्यति ॥३॥
वामदेवं महादेवं लोकनाथं जगद्गुरुम् ।
नमामि शिरसा देवं किं नो मृत्युः करिष्यति ॥४॥
देवदेवं जगन्नाथं देवेशं वृषभध्वजम् ।
नमामि शिरसा देवं कि नो मृत्युः करिष्यति ॥५॥
अनन्तमव्ययं शान्तमक्षमालाधरं हरम् ।
नमामि शिरसा देवं किं नो मृत्युः करिष्यति ॥६॥
आनन्दं परमं नित्यं कैवल्यपदकारणम् ।
नमामि शिरसा देवं किं नो मृत्युः करिष्यति ॥७॥
स्वर्गापवर्गदातारं सृष्टिस्थित्यन्तकारिणम् ।
नमामि शिरसा देवं किं नो मृत्युः करिष्यति ॥८॥

भावार्थः रुद्र, पशुपति, नीलकण्ठ, उमापतिजस्ता बहुनाम र गुण भएका भगवान्लाई नमस्कार गर्छु, त्यस्ता हामीलाई मृत्युले के गर्न सक्ला ? ॥१॥

कालो (नील) कण्ठ भएका, कलामूर्ति कालाग्निरूप काललाई नाश गर्ने यस्ता भगवान्लाई म शिर झुकाएर नमस्कार गर्छु, त्यस्ता हामीलाई मृत्युले के गर्न सक्ला ? ॥२॥

नीलकण्ठ, डरलाग्दा आँखा भएका, निर्मल, शङ्करहित यस्ता भगवान्लाई म नमस्कार गर्छु, त्यस्ता हामीलाई मृत्युले के गर्न सक्ला ? ॥३॥

वामदेव, महादेव, लोकनाथ, जगत्का गुरु भगवान्लाई म नमस्कार गर्छु, त्यस्ता हामीलाई मृत्युले के गर्न सक्ला ? ॥४॥

देवका पनि देव, जगन्नाथ, देवका ईश, वृषध्वज भएका त्यस्ता देवलाई म नमस्कार गर्छु, त्यस्ता हामीलाई मृत्युले के गर्न सक्ला ? ॥५॥

कहिल्यै अन्त्य र घटबढ नहुने (अव्यय), शान्त, अक्षमाला धारण गर्ने हर (शिव) लाई नमस्कार गर्छु, त्यस्ता हामीलाई मृत्युले के गर्न सक्ला ? ॥६॥

परम आनन्दरूप, नित्य, मोक्षपदका कारण त्यस्ता देवलाई नमस्कार गर्छु, त्यस्ता हामीलाई मृत्युले के गर्न सक्ला ? ॥७॥

स्वर्ग र अपवर्ग (मोक्ष)का दाता सृष्टि र लय गर्ने भगवान्लाई नमस्कार गर्छु, त्यस्ता हामीलाई मृत्युले के गर्न सक्ला ? ॥८॥

श्रीपृथिवीपतिसूरिविरचितं श्रीपशुपत्यष्टकम्

पशुपतिं द्युपतिं धरणीपतिं भुजगलोकपतिञ्च सतीपतिम् ।
प्रणतभक्तजनार्तिहरं परं भजत रे मनुजा गिरिजापतिम् ॥१॥
न जनको जननी न च सोदरो न तनयो न च भूरिबलंकुलम् ।
अवति कोऽपि न कालवशं गतं भजत रे मनुजा गिरिजापतिम् ॥२॥
मुरजडिण्डिमवाद्यविलक्षणं मधुरपञ्चमनादविशारदम् ।
प्रमथभूतगणैरपि सेवितं भजत रे मनुजा गिरिजापतिम् ॥३॥
शरणदं सुखदं शरणान्वितं शिवशिवेति शिवेति नतं नृणाम् ।
अभयदं करुणावरुणालयं भजत रे मनुजा गिरिजापतिम् ॥४॥
नरशिरोरचितं मणिकुण्डलं भुजगहारमुदं वृषभध्वजम् ।
चितिरजोधवलीकृतविग्रहं भजत रे मनुजा गिरिजापतिम् ॥५॥
मखविनाशकरं शशिशेखरं सततमध्वरभाजिफलप्रदम् ।
प्रलयदग्धसुरासुरमानवं भजत रे मनुजा गिरिजापतिम् ॥६॥
मदमपास्य चिरं हृदि संस्थितं मरणजन्मजराभयपीडितम् ।
जगदुदीक्ष्य समीपभयाकुलं भजत रे मनुजा गिरिजापतिम् ॥७॥
हरिविरिञ्चिसुराधिपपूजितं यमजनेशधनेशनमस्कृतम् ।
त्रिनयनं भुवनत्रितयाधिपं भजत रे मनुजा गिरिजापतिम् ॥८॥
पशुपतेरिदमष्टकमद्भुतं विरचितं पृथिवीपतिसूरिणा ।
पठति संश्रृणुते मनुजः सदा शिवपुरीं वसते लभते मुदम् ॥९॥

भावार्थः पशुका पति, स्वर्ग, मर्त्य र पातालका पति, सतीका पति, शरणमा पर्ने भक्तजनको पीडा हरण गर्ने, त्यस्ता परमदेव गिरिजापतिलाई हे मानव ! भजन गर ॥१॥

माता, पिता, सहोदर दाजुभाइ न छोरा न छोरी न सम्पन्न कुलले नै कालको मुखबाट मानिसलाई बचाउन सक्छ । त्यसैले हे मानव ! गिरिजापति शिवको भजन गर ॥२॥

मुजुरा र डिमडिमे बाजा बजाउने, मधुर पञ्चमस्वरको नादले युक्त प्रमथगणहरूले सुशोभित गिरिजापतिको हे मानव ! भजन गर ॥३॥

शरण पर्नेलाई शरण दिने, सुखदायक, शरणागतले युक्त, शिव शिव भन्दै नमस्कार गरिने, अभय प्रदान गर्ने करुणाका खानी गिरिजापति शिवको हे मानव ! तिमी भजन गर ॥४॥

कानमा नरमणिले रचित कुण्डल लगाउने, गलामा सर्पको हार लगाउने प्रसन्न मुख, वृषध्वज, चिताको भस्मले शरीर रङ्गाउने गिरिजापतिको हे मानव ! भजन गर ॥५॥

दक्षको यज्ञ नाश गर्ने, शिरमा अर्धचन्द्र धारण गर्ने, नित्य यज्ञ गर्नेलाई सुफल दिने, प्रलयकालमा सुर-असुर-मानव सबलाई दग्ध गर्ने त्यस्ता गिरिजापति शिवलाई हे मानव ! भजन गर ॥६॥

अन्तरमनमा रहेको मद (उन्माद)लाई हटाएर चिरकालसम्म हृदयमा रहने, जन्म-मरणको भयबाट पीडित भयाकुल जगत्लाई निकटमा देख्ने गिरिजापति भगवान्को हे मानव ! भजन गर ॥७॥

ब्रह्मा, विष्णु र इन्द्रादि देवता तथा यमराज र कुबेरले नमस्कार गरिएका तीन नेत्रवाला तीनै लोकका अधिपति गिरिजापति शिवको हे मानव ! भजन गर ॥८॥

विद्वान् पृथ्वीपतिले रचना गरेको भगवान् पशुपतिको यी आठ श्लोक जो दैनिक पढ्छ, सुन्छ त्यो मानिस प्रसन्नतापूर्वक शिवलोकमा निवास गर्न पाउँछ ॥९॥

श्रीमच्छङ्कराचार्यविरचितं वेदसारशिवस्तोत्रम्

पशूनां पतिं पापनाशं परेशं गजेन्द्रस्य कृत्तिं वसानं वरेण्यम् ।
जटाजूटमध्ये स्फुरद्गाङ्गवारिं महादेवमेकं स्मरामि स्मरारिम् ॥१॥
महेशं सुरेशं सुरारार्तिनाशं विभुं विश्वनाथं विभूत्यङ्गभूषम् ।
विरूपाक्षमिन्द्वर्कवह्निनित्रिनेत्रं सदानन्दमीडे प्रभुं पञ्चवर्णम् ॥२॥
गिरीशं गणेशं गले नीलवर्णं गवेन्द्राधिरूढं गुणातीतरूपम् ।
भवं भास्वरं भस्मना भूषिताङ्गं भवानीकलत्रं भजे पञ्चवक्त्रम् ॥३॥
शिवाकान्त शम्भो शशाङ्कार्धमौले महेशान शूलिन् जटाजूटधारिन् ।
त्वमेको जगद्व्यापको विश्वरूप प्रसीद प्रसीद प्रभो पूर्णरूप ॥४॥
परात्मानमेकं जगद्बीजमाद्यं निरीहं निराकारमोङ्कारवेद्यम् ।
यतो जायते पाल्यते येन विश्वं तमीशं भजे लीयते यत्र विश्वम् ॥५॥
न भूमिर्न चापो न वह्निर्न वायुर्न चाकाशमास्ते न तन्द्रा न निद्रा ।
न ग्रीष्मो न शीतं न देशो न वेशो न यस्यास्ति मूर्तिस्त्रिमूर्तिं तमीडे ॥६॥
अजं शाश्वतं कारणं कारणानां शिवं केवलं भासकं भासकानाम् ।
तुरीयं तमः पारमाद्यन्तहीनं प्रपद्ये परं पावनं द्वैतहीनम् ॥७॥
नमस्ते नमस्ते विभो विश्वमूर्ते नमस्ते नमस्ते चिदानन्दमूर्ते ।
नमस्ते नमस्ते तपोयोगगम्य नमस्ते नमस्ते श्रुतिज्ञानगम्य ॥८॥
प्रभो शूलपाणे विभो विश्वनाथ महादेव शम्भो महेश त्रिनेत्र ।
शिवाकान्त शान्त स्मरारे पुरारे त्वदन्यो वरेण्यो न मान्यो न गण्यः ॥९॥
शम्भो महेश करुणामय शूलपाणे गौरीपते पशुपते पशुपापनाशिन् ।
काशीपते करुणया जगदेतदेकस्त्वं हंसि पासि विदधासि महेश्वरोऽसि ॥१०॥
त्वत्तो जगद् भवति देव भवस्मरारे त्वय्येव तिष्ठति जगन्मृड विश्वनाथ ।
त्वय्येव गच्छति लयं जगदेतदीश लिङ्गात्मकं हर चराचरविश्वरूपिन् ॥११॥

भावार्थः पशुसमुदायका पति, पापनाशक, परमेश्वर, हात्तीको छाला ओढ्ने, देवहरूमा श्रेष्ठ, जटाजूटमा गङ्गाजीको जल छचल्किएका, कामदेवका शत्रु, देवाधिदेव महादेवलाई सम्भना गर्दछु ॥१॥

महेशरूप, देवताका पनि देवता, देवताका दुःखहरूलाई नाश गर्ने, व्यापक, विश्वका स्वामी, भस्मभूषित अङ्ग भएका, चन्द्र, सूर्य, अग्निरूप, डरलाग्दा आँखा भएका पाँचमुखवाला सधैँ आनन्दमग्न भगवान् शिवको स्तुति गर्छु ॥२॥

पर्वतका स्वामी, गणका मालिक,नीलो गला भएका, बसाहामा आरूढ तीन गुणभन्दा परका, संसारका सर्जक, प्रकाशमान भस्म धारण गरेका, पार्वतीका पति, पाँच मुख भएका शिवको भजन गर्छु ॥३॥

पार्वतीका प्रिय, निधारमा अर्धचन्द्रधारी, हातमा त्रिशूल, शिरमा जटाजूट धारण गर्ने, तपाइँ एक नै जगत्व्यापी विश्वरूप मदेखि प्रसन्न हुनुहोस् ॥४॥

एक मात्र परमात्मा, जगत्का आदि बीजरूप, इच्छारहित निराकार ॐकारद्वारा जानिने, जसबाट यो जगत् जन्मन्छ, पालन हुन्छ अनि अन्त्यमा जसमा गएर विलीन हुन्छ, त्यस्ता शिवको भजन गर्छु ॥५॥

पृथ्वी, जल, तेज, वायु, आकाश, निद्रा, तन्द्रा, जाडो, गर्मी, देश, भेष, मूर्ति आदि केही नभएका त्यस्ता त्रिमूर्ति भगवान्को स्तुति गर्छु ॥६॥

नजन्मने, अज, नित्य एकरूपले रहने, कारणका पनि कारण, प्रकाशकलाई पनि प्रकाशित पार्ने, जाग्रत, स्वप्न, सुषुप्तिभन्दा माथि तमोगुणको स्पर्श नभएका आदि-अन्तरहित परम पावन अद्वैतको म शरण पर्छु ॥७॥

हे विश्वमूर्ति ! हे चिदानन्द ! तपद्वारा जानिने वैदिक ज्ञानबाट पत्ता लगाउन सकिने त्यस्ता तपाईंलाई नमस्कार छ ॥८॥

हातमा त्रिशूल लिने, व्यापक, विश्वात्मा, देवाधिदेव, त्रिनेत्रधारी, महेश, पार्वतीका प्रिय, शान्तस्वरूप, कामदेव र त्रिपुरका शत्रु (अरि) हे महादेव ! तपाईं बाहेक मेरो मान्य अरू कोही छैन ॥९॥

हे शम्भो ! हे महेश ! हे करुणामय शूलपाणि ! हे गौरीपति ! हे पशुपति ! हे पशुको पाश नाश गर्ने ! हे काशीपति ! हजुर करुणाले यो जगत् सृष्टि गर्ने, पालन गर्ने तथा संहार गर्ने काम पनि गर्नुहुन्छ ॥१०॥

हे कामदेवका शत्रु ! आदिकालमा तपाईं जगत्को सृष्टि गर्नुहुन्छ । तपाईंकै कृपाले यो अडिन्छ । अन्त्यमा तपाईंमा गएर नै विलीन बन्छ । यसरी सृष्टि, स्थिति र लयको कारण तपाईं नै हुनुहुन्छ । हजुरको लिङ्गात्मक स्वरूप नै यो चराचर जगत् हो ॥११॥

शिवमानसपूजा

रत्नैः कल्पितमासनं हिमजलैः स्नानं च दिव्याम्बरं
नानारत्नविभूषितं मृगमदामोदाङ्कितं चन्दनम् ।
जातीचम्पकबिल्वपत्ररचितं पुष्पं च धूपं तथा
दीपं देव दयानिधे पशुपतेहृत्कल्पितं गृह्यताम् ॥१॥
सौवर्णे नवरत्नखण्डरचिते पात्रे घृतं पायसं
भक्ष्यं पञ्चविधं पयोदधियुतं रम्भाफलं पानकम् ।
शाकानामयुतं जलं रुचिकरं कर्पूरखण्डोज्ज्वलं
ताम्बूलं मनसा मया विरचितं भक्त्या प्रभो स्वीकुरू ॥२॥
छत्रञ्चामरयोर्युगं व्यजनकं चादर्शकं निर्मलं
वीणाभेरिमृदङ्गकाहलकला गीतं च नृत्यं तथा ।
साष्टाङ्गं प्रणतिः स्तुतिर्बहुविधा ह्येतत्समस्तं मया
सङ्कल्पेन समर्पितं तव विभो पूजां गृहाण प्रभो ॥३॥
आत्मा त्वं गिरिजा मतिः सहचराः प्राणाः शरीरं गृहं
पूजा ते विषयोपभोगरचना निद्रा समाधिस्थितिः ।
सञ्चारः पदयोः प्रदक्षिणविधिः स्तोत्राणि सर्वा गिरो
यद्यत्कर्म करोमि तत्तदखिलं शम्भो तवाराधनम् ॥४॥
करचरणकृतं वाक्कायजं कर्मजं वा
श्रवणनयनजं वा मानसं वापराधम् ।
विहितमविहितं वा सर्वमेतत्क्षमस्व
जय जय करुणाब्धे श्रीमहादेव शम्भो ॥५॥

भावार्थः हे पशुपति ! मैले मानस रूपमा अर्पण गरेको रत्नको आसन, हिमजलको स्नान, दिव्य सुन्दर वस्त्र, बहुविध रत्नका गहनाहरू, मृगमद (कस्तुरी) मिलेको चन्दन, जाई-चाँपजस्ता फूल र बेलपत्र, धूप-दीपजस्ता वस्तुहरू हजुर ग्रहण गर्नुहोस् ॥१॥

मैले मनले विरचित नवरत्नले बनेको पात्रमा घिउमिश्रित पायस, दूध, दहीसहितका पाँच प्रकारका भक्ष्य वस्तुहरू, केरा, सर्वत, विविध प्रकारका साग, शीतलताको लागि जल, कर्पूरको बास्नाले युक्त पान, मसलाहरू हजुर ग्रहण गर्नुहोस् ॥२॥

छाता, चमरपङ्खा, ऐना, वीणा, भेरी, मृदङ्गजस्ता वाद्यवादन, गायन, नृत्य, साष्टाङ्ग बहुविध स्तुति यी सबकुरा म मानस रूपमा अर्पण गर्दछु, हजुर ग्रहण गर्नुहोस् ॥३॥

हे पशुपति ! मेरो आत्मा तपाइ, बुद्धि पार्वती, सहचरहरू पञ्चप्राण, शरीर घर, विषय भोग पूजा, निद्रा समाधि अवस्था, गोडाको हिँडाइ-डुलाइ हजुरको प्रदक्षिणा, सम्पूर्ण बोली हजुरका स्तोत्रहरू हुन् । वास्तवमा, गरिने जे जति कर्महरू छन् ती सब तपाईंका आराधना हुन् ॥४॥

हे शम्भु ! मेरा हात, गोडा, वाणी, शरीर, कर्म, कान, मनजस्ता साधनले गरेका जे जति अपराधहरू छन्, ती सबैलाई हजुर क्षमा गरिदिनुहोस् ॥५॥

श्रीमच्छङ्कराचार्यविरचितं शिवापराधक्षमापनस्तोत्रम्

आदौ कर्म प्रसङ्गात् कलयति कलुषं मातृकुक्षौ स्थितं मां
विण्मूत्रामेध्यमध्ये क्वथयति नितरां जाठरो जातवेदाः ।
यद्यद् वै तत्र दुःखं व्यथयति नितरां शक्यते केन वक्तुं
क्षन्तव्यो मेऽपराधः शिव शिव शिव भोश्रीमहादेव शम्भो ॥१॥
बाल्ये दुःखातिरेको मललुलितवपुः स्तन्यपाने पिपासा
नो शक्तश्चेन्द्रियेभ्यो भवगुणजनिता जन्तवो मां तुदन्ति ।
नानारोगादिदुःखाद्रुदनपरवशः शङ्करं न स्मरामि
क्षन्तव्यो मेऽपराधः शिव शिव शिव भो श्री महादेव शम्भो ॥२॥
प्रौढोऽहं यौवनस्थो विषयविषधरैः पञ्चभिर्मर्मसन्धौ
दष्टो नष्टो विवेकः सुतधनयुवतिस्वादसौख्ये निषण्णः ।
शैवीचिन्ताविहीनं मम हृदयमहो मानगर्वाधिरूढं
क्षन्तव्यो मेऽपराधः शिव शिव शिव भो श्री महादेव शम्भो ॥३॥
वार्धक्ये चेन्द्रियाणां विगतगतिमतिश्चाधिदैवादितापैः
पापै रोगैर्वियोगैस्त्वनवसितवपुः प्रौढिहीनं च दीनम् ।
मिथ्यामोहाभिलाषैर्भ्रमति मम मनो धूर्जटेर्ध्यानशून्यं
क्षन्तव्यो मेऽपराधः शिव शिव शिव भो श्रीमहादेव शम्भो॥४॥
नो शक्यं स्मार्तकर्म प्रतिपदगहनप्रत्यवायाकुलाख्यं
श्रौते वार्ता कथं मे द्विजकुलविहिते ब्रह्ममार्गे सुसारे ।

नास्था धर्मे विचारःश्रवणमननयोः किं निदिध्यासितव्यं
क्षन्तव्यो मेऽपराधः शिव शिव शिव भो श्रीमहादेव शम्भो ॥५॥

स्नात्वा प्रत्यूषकाले स्नपनविधिविधौ नाहुतं गाङ्गतोयं
पूजार्थं वा कदाचिद् बहुतरगहनात् खण्डबिल्वीदलानि ।
नाऽऽनीता पद्ममाला सरसि विकसिता गन्धपुष्पैस्त्वदर्थं
क्षन्तव्यो मेऽपराधः शिव शिव शिव भो श्री महादेव शम्भो ॥६॥

दुग्धैर्मध्वाज्ययुक्तैर्दधिसितसहितैः स्नापितं नैव लिङ्गं
नो लिप्तं चन्दनाद्यैः कनकविरचितैः पूजितं न प्रसूनैः ।
धूपैः कर्पूरदीपैर्विविधरसयुतैर्नैव भक्ष्योपहारैः
क्षन्तव्यो मेऽपराधः शिव शिव शिव भो श्रीमहादेव शम्भो ॥७॥

ध्यात्वा चित्ते शिवाख्यं प्रचुरतरधनं नैव दत्तं द्विजेभ्यो
हव्यं ते लक्षसंख्यैर्हुतवहवदने नाऽर्पितं बीजमन्त्रैः ।
नो तप्तं गाङ्गतीरे व्रतजपनियमैरुद्रजाप्यैर्न वेदैः
क्षन्तव्यो मेऽपराधः शिव शिव शिव भो श्रीमहादेव शम्भो ॥८॥

स्थित्वा स्थाने सरोजे प्रणवमयमरुत्कुण्डले सूक्ष्ममार्गे
शान्ते स्वान्ते प्रलीने प्रकटितविभवे ज्योतिरूपे पराख्ये ।
लिङ्गज्ञे ब्रह्मवाक्ये सकलतनुगतं शङ्करं न स्मरामि
क्षन्तव्यो मेऽपराधः शिव शिव शिव भो श्रीमहादेव शम्भो ॥९॥

नग्नो निःसङ्गशुद्धस्त्रिगुणविरहितो ध्वस्तमोहान्धकारो
नासाग्रे न्यस्तदृष्टिर्विदितभवगुणो नैव दृष्टः कदाचित् ।

उन्मन्याऽवस्थया त्वां विगतकलिमलं शङ्करं न स्मरामि
क्षन्तव्यो मेऽपराधः शिव शिव शिव भो श्रीमहादेव शम्भो ॥१०॥

चन्द्रोद्भासितशेखरे स्मरहरे गङ्गाधरे शङ्करे
सर्पैर्भूषितकण्ठकर्णविवरे नेत्रोत्थवैश्वानरे ।
दन्तित्वक्कृतसुन्दराम्बरधरे त्रैलोक्यसारे हरे
मोक्षार्थं कुरु चित्तवृत्तिमखिलामन्यैस्तु किं कर्मभिः ॥११॥

किं वाऽनेन धनेन वाजिकरिभिः प्राप्तेन राज्येन किम्
किं वा पुत्रकलत्रमित्रपशुभिर्देहेन गेहेन किम् ।
ज्ञात्वैतत्क्षणभङ्गुरं सपदि रे त्याज्यं मनो दूरतः
स्वात्मार्थं गुरुवाक्यतो भज भज श्रीपार्वतीवल्लभम् ॥१२॥

आयुर्नश्यति पश्यतां प्रतिदिनं याति क्षयं यौवनम्
प्रत्यायान्ति गताः पुनर्न दिवसाः कालो जगद्भक्षकः ।
लक्ष्मीस्तोयतरङ्गभङ्गचपला विद्युच्चलं जीवितं
तस्मान् मां शरणागतं शरणद त्वं रक्ष रक्षाधुना ॥१३॥

करचरणकृतं वाक्कायजं कर्मजं वा
श्रवणनयनजं वा मानसं वाऽपराधम् ।
विहितमविहितं वा सर्वमेतत्क्षमस्व
जय जय करुणाब्धे श्रीमहादेव शम्भो ॥१४॥

भावार्थः शुरूमा आफूले गरेको कर्मफलअनुसार म मातृगर्भमा निवास गर्न पुगेँ । मलमूत्रले युक्त भएको त्यहाँ मलाई जठराग्निले जलाएर कति दुख भोगेँ त्यो कसले बताउन सक्ने ?हे शम्भो ! त्यस्तो स्थितिमा रहेको मेरो सबै अपराध क्षमा गरिदिनुहोस् ॥१॥

भावार्थः गर्भबाट बाहिर निस्केर शिशु अवस्थामा रहँदा पनि मलमूत्रले पोतिएको त्यो अशक्त शरीर, तपाइँद्वारा सृष्ट विविध जन्तुको टोकाइ, स्तनपानको लालसा, विविध रोगको आक्रमण र रोदनको स्थितिमा तपाईंको सम्झना आउन सकेन । त्यसैले हे शम्भो ! मेरो अपराध क्षमा गरिदिनुहोस् ॥२॥

भावार्थः बाल्यावस्था पारगरेर जब जवानी अवस्थामा पुगेको थिएँ रूप, रस, गन्ध, शब्द, स्पर्शसमान विषयले यसरी आक्रमण गरे कि होसहवास (विवेक) गुमाएर सन्तान, धनसम्पत्ति,पत्नी, जिब्रोको स्वाद, सुखभोगजस्ता कुरामा लुट्पुटिन पुगेँ । हजुरको चिन्तनविहीन मेरो हृदय त्यतिबेला अभिमान र गर्वले उत्मत्त थियो । अनि कहाँ तपाइँको सम्झना र भजन कीर्तन ? त्यसैले हे शम्भो ! मेरो अपराध क्षमा गरिदिनुहोस् ॥३॥

भावार्थः बुढेसकाल लागेपछि त इन्द्रियको सामर्थ्य कम हुँदै गएर बुद्धि क्षीण हुँदै गई पाप, ताप र रोगले शरीर दीन, हीन हुनथाल्यो । झूटो मोहमा परेर मनमा विविध कुरा चल्न थाले अनि कहाँ तपाइँको सम्झना र ध्यान हुनु ? त्यसैले हे शम्भो ! मेरो सबै अपराध क्षमा गरिदिनुहोस् ॥४॥

भावार्थः स्मृतिशास्त्रहरूले बताएका कठिन स्मार्तकर्म नै मेरा लागि बोधगम्य थिएनन् भने विद्वान्जनले मात्र बुझेर अनुसरण

गर्नलायक ब्रह्मज्ञानसम्बन्धी कर्म (ब्रह्ममार्गको अनुष्ठान) त मेरा लागि कति कठिन हो भनेर साध्यै छैन । हे शम्भो ! श्रवण, मनन, निदिध्यासनपूर्वक ज्ञानमार्गको अनुगमन गर्न नसकेको मेरो अपराध क्षमा गरिदिनुहोस् ॥५॥

भावार्थः सूर्योदय नहुँदै बिहानको वेला सङ्कल्पपूर्वक मन्त्रोच्चारण गरी स्वयंको स्नान र हजुरलाई विधिपूर्वक स्नान गराउनका लागि मैले गङ्गाजल ल्याउन सकिनँ । न त मैले हजुरको पूजाका लागि वनबाट बेलपत्र नै टिपेर ल्याउन सकेँ । न त मैले हजुरलाई सबैभन्दा बढी मन पर्ने सुवासित कमलको माला नै तयार गर्न सकेँ । हे शम्भो ! मबाट भएका अपराधहरू क्षमा गरिदिनुहोस् ॥६॥

भावार्थः न मैले गाईको शुद्ध दूध, दही, घिउ, महजस्ता पञ्चामृतले शिवलिङ्गलाई स्नान गराएँ, न त वासनादार श्रीखण्ड चन्दनले शिवलिङ्गमा लेपन नै गर्न सकेँ, न स्वर्णनिर्मित फूलले पूजा गर्न सकेँ, न त धूप, कपूरबत्तीले आरती गर्न सकेँ, न हजुरलाई रसदार भोजन नै अर्पण गर्न सकेँ । हे शम्भो ! यसरी अशक्त भएको मलाई मेरो अपराधबाट क्षमा मिलोस् ॥७॥

भावार्थः न मैले चित्तमा हजुरको ध्यान गर्दै विद्वान् ब्राह्मणलाई प्रशस्त दान गर्न सकेँ, न त विधिपूर्वक बनेको चरुले लाख सङ्ख्यामा हवन नै गर्न सकेँ, न त मैले गङ्गाजीको तीरमा बसेर व्रत-जप गरेँ, न रुद्रसँग सम्बन्ध राख्ने वैदिक मन्त्र नै पढ्न सकेँ । हे शम्भो ! मेरो अपराध क्षमा गरिदिनुहोस् ॥८॥

भावार्थः न मैले तलाउको नजिक एकान्तमा बसेर ध्यान गर्दै ॐकारमय कुण्डलिनी जाग्रत गराई सूक्ष्म मार्गमा अघि बढ्दै

शान्तरूप परम ज्योतिर्मय रूपको आत्मसाक्षात्कार गर्न सकेँ, न त हजुरको लिङ्गस्वरूपलाई जान्ने ब्रह्मवाक्यको अनुशीलन नै गर्न सकेँ । हे शम्भो ! मेरो अपराध क्षमा गरिदिंनुहोस् ॥९॥

भावार्थः नाङ्गो, निःसङ्ग, शुद्ध भएर, तीन गुणबाट टाढा रहेर तथा मोहरूपी अन्धकारलाई ध्वंश गरेर नाकको टुप्पोमा दृष्टि अड्याएर न कहिल्यै हजुरको स्वरूपलाई देख्न सकेँ, न उत्सुकतापूर्वक नै कलिमल (कलिदोष) मुक्त शङ्करलाई स्मरण गर्न सकेँ । हे शम्भो ! मेरो अपराध क्षमा गरिदिनुहोस् ॥१०॥

भावार्थः हे मानव ! चन्द्रमाले प्रकाशित शिरोभाग भएका, कामदेवलाई भस्म गर्ने, शिरमा गङ्गालाई धारण गर्ने, प्राणीमात्रको कल्याण गर्ने, कण्ठ र कानका प्वालहरूमा सर्पहरू भूषित भएका, जसको नेत्रबाट अग्निज्वाला प्रकट भइरहन्छन्, हात्तीको छालाको सुन्दर वस्त्र धारण गर्ने, तीनै लोकको साररूप भगवान् शिवमा मोक्षका लागि सम्पूर्ण चित्तवृत्ति अर्पण गर । अरू कर्मले केही हुने वाला छैन ॥११॥

भावार्थः यो धनसम्पत्ति, हात्तीघोडा र राज्य प्राप्त भएर पनि के गर्नु ? सन्तान, पत्नी, मित्रवर्ग, पशुधन, शरीर र घरले नै पनि के नै हुन्छ र ? किनभने यी सबै भौतिक वस्तु केही काल मात्र रहने क्षणभङ्गुर प्रकृतिका छन् । त्यसैले हे मानव ! यी सब वस्तुबाट तुरुन्तै मन हटाएर आत्महितका लागि पार्वतीपति शिवको भजन गर ॥१२॥

भावार्थः प्वाल परेको घडाबाट पानी चुहिएजस्तो प्रतिदिन आयु बित्दै गइरहेको छ । यौवन क्षीण भइरहेको छ । गएका दिन फेरि

फर्केर आउने होइनन् । कालले जगत्लाई खाँदै गइरहेको छ । लक्ष्मी भनेकी पनि पानीको फोको र छाल (तरङ्ग) जस्तै हुन् । मानव जीवन बिजुली चम्केसरह हो । त्यसैले हे शङ्कर ! शरणमा आएको मलाई हजुर शरण लिनुहोस् । हे करुणाका सागर महादेव ! तपाइँ मेरो रक्षा गर्नुहोस् ॥१३॥

भावार्थः हे शम्भो ! मेरा हात, गोडा, वाणी, शरीर, कर्म, कान, मनजस्ता साधनले गरेका जे जति अपराधहरू छन् ती सबैलाई हजुर क्षमा गरिदिनुहोस् ॥१४॥

प्रतिष्ठानको कार्यसमिति

श्रीदेवीप्रसाद चापागाईं	अध्यक्ष
श्रीश्रीमान श्रेष्ठ	वरिष्ठ उपाध्यक्ष
श्रीसोमनाथ पौडेल	उपाध्यक्ष
श्रीजीवनचन्द्र कोइराला	उपाध्यक्ष
श्रीमदनकुमार डङ्गोल	महासचिव
श्रीनवराज लामिछाने	सचिव
श्रीश्रीधर गौतम	कोषाध्यक्ष
श्रीमती रेबिका श्रेष्ठ	सदस्य
श्रीखगेन्द्रप्रसाद गिरी	सदस्य
श्रीराजेन्द्रराज कठायत	सदस्य
श्रीयुवराज तिमल्सिना	सदस्य
श्रीजनार्दनप्रसाद अधिकारी	सदस्य
श्रीमाधवप्रसाद लामिछाने	सदस्य
श्रीप्रमोदराम मिश्र	सदस्य
श्रीअशोककुमार श्रीवास्तव	सदस्य

प्रतिष्ठानको सल्लाहकार परिषद्का सदस्यहरु

कल्याण श्रेष्ठ

आदित्यमान श्रेष्ठ

शिवराज श्रेष्ठ

धर्मप्रसाद गौतम

सुशील नाहाटा

प्रा. चेतोनाथ गौतम

वसन्त चौधरी

टीका धमला

प्रा. उपेन्द्रमान मल्ल

प्रा. केदारभक्त माथेमा

हेमवहादुर सिंह

रामप्रसाद दाहाल

डा. हरिप्रसाद पोखरेल

केशवराज राजभण्डारी

प्रतिष्ठानको विद्वत्परिषद्का सदस्यहरु

श्रीदेवीप्रसाद चापागाईं	संयोजक
प्रा.डा. कार्तिकेय झा	सदस्य
प्रा.डा. कुलप्रसाद कोइराला	सदस्य
प्रा. चेतोनाथ आचार्य	सदस्य
डा. जगमान गुरुङ	सदस्य
प्रा.डा. दीर्घराज घिमिरे	सदस्य
प्रा.प्राज्ञ. दिनेशराज पन्त	सदस्य
डा. नयनाथ पौडेल	सदस्य
प्रा.डा. मुकुन्दराज अर्याल	सदस्य
प्रा. विदुर पौडेल	सदस्य
प्रा.डा. वेणिमाधव ढकाल	सदस्य
प्रा. विद्यानाथ भट्ट	सदस्य
शरदकुमार भट्टराई	सदस्य
प्रा. श्रीकृष्ण अधिकारी	सदस्य
हरिराम जोशी	सदस्य
प्राज्ञ. ज्ञानमणि नेपाल	सदस्य
प्रा.डा. ऋषिराम पोखरेल	सदस्य

पद्मराज जोशी	सदस्य
गिरीधारी भट्ट	सदस्य
प्रा.डा. लय मैनाली	सदस्य
प्रा.डा. जीवराज पोखरेल	सदस्य
प्रा.डा. देवमणी भट्टराई	सदस्य
प्रा. भवानीप्रसाद खतिवडा	सदस्य
श्रीमती रमा शर्मा	सदस्य
प्राज्ञ. वैरागी काईला	सदस्य
प्रा.डा. सुदर्शनराज तिवारी	सदस्य
प्रा.डा. विणा पौडेल	सदस्य
प्राज्ञ.डा. तीर्थबहादुर श्रेष्ठ	सदस्य
तारानन्द मिश्र	सदस्य

प्रतिष्ठानको मानार्थ सदस्यहरु

डाबित आचार्य

श्रीमती प्रतिभा आचार्य

प्रणव चापागाईं

डा. श्रीमती श्वेता चापागाईं

प्रतिष्ठानद्वारा प्रकाशोन्मुख पुस्तक तथा अन्य सामग्रीहरू:

१. गुह्येश्वरीमन्दिर पोष्टर

२. भगवान् श्रीपशुपतिनाथ पोष्टर

३. श्रीपशुपतिदर्शन (हिन्दी भाषा)

४. श्रीपशुपतिदर्शन (अंग्रेजी भाषा)

५. श्रीपशुपतिदर्शन (मध्यम परिक्रमा)

६. श्रीपशुपतिदर्शन (बृहत् परिक्रमा)

७. श्रीपशुपतिमण्डल पुस्तक (सचित्र)



१. श्रीगणेशदर्शन, श्रीकुमारदर्शन, श्रीद्वारदेवतादर्शन २. श्रीगजुरदर्शन ३. मन्दिरमा प्रतिष्ठित षोडशमातृका, श्रीशरभ-शरभी एवं श्रीरामकुलदर्शन (पश्चिमतर्फ) ४. श्रीबिल्ववृक्षदर्शन ५. श्रीतुलसीदर्शन ६. श्रीनृत्येश्वरदर्शन ७. श्रीत्रिशूलदर्शन ८. श्रीअन्नपूर्णादर्शन ९. श्रीज्वरेश्वरदर्शन १०. श्रीभृङ्गीदर्शन ११. श्रीचण्डेश्वरदर्शन १२. श्रीअर्धनारीश्वरदर्शन १३. श्रीवासुकिनारायणदर्शन १४. मन्दिरमा प्रतिष्ठित श्रीषोडशमातृका र शिवकूलदर्शन (उत्तरपट्टी) १५. श्रीहाटकेश्वर (सिद्धेश्वर) दर्शन १६. श्रीगुप्तेश्वर महादेवदर्शन १७. श्रीवाग्वतीदर्शन एवं मार्जन १८. श्रीतारेश्वर महादेव एवं ब्रह्मनालदर्शन १९. श्रीमृगेश्वर र श्रीमाधवनारायणदर्शन २०. श्रीविरूपाक्षदर्शन एवं जलअर्पण २१. श्रीगङ्गामातादर्शन २२. श्रीशेषनारायणदर्शन २३. श्रीलालगणेशदर्शन २४. श्रीनिद्रेश्वरदर्शन २५. मन्दिरमा प्रतिष्ठित श्रीषोडशमातृका एवं गुह्येश्वरी कलशसहित श्रीकृष्णकुलदर्शन (पूर्वपट्टी) २६. श्रीकृष्णदर्शन २७. श्रीसूर्यनारायणदर्शन २८. श्रीगरुडनारायणदर्शन २९. श्रीसरस्वतीदर्शन ३०. श्रीगुह्येश्वरीमाता भावना ३१. श्रीयन्त्रदर्शन ३२. श्रीकलीश्वरदर्शन ३३. श्रीवत्सलेश्वरीमाईदर्शन ३४. श्रीलक्ष्मीनारायणदर्शन ३५. श्रीरामदर्शन ३६. श्रीभद्रेश्वर (भस्मेश्वर) दर्शन ३७. श्रीमुक्तिमण्डपमा बसी ध्यानक्रिया ३८. श्रीसन्तापहरेश्वर (सन्तानेश्वर) दर्शन ३९. श्रीकीर्तिमुखभैरवदर्शन ४०. श्रीशीतलामातादर्शन ४१. श्रीचौसठ्ठी लिङ्ग एवं श्रीकोटिलिङ्गेश्वरदर्शन ४२. मन्दिरमा प्रतिष्ठित श्रीषोडशमातृका एवम् श्रीपाण्डवकुलदर्शन (दक्षिणपट्टी) ४३. श्रीउन्मत्तभैरवदर्शन ४४. श्रीयज्ञकुण्डदर्शन ४५. श्रीसप्तमातृकादर्शन ४६. श्रीअनन्तेश्वरदर्शन ४७. श्रीनवग्रहदर्शन ४८. श्रीहनुमान्दर्शन ४९. श्रीसत्यनारायणदर्शन ५०. श्रीनन्दीश्वरदर्शन ५१. श्रीछत्रचण्डेश्वरदर्शन ५२. श्रीधर्मशिलादर्शन एवम् श्रीगुरुदक्षिणामूर्ति वन्दना तथा इष्टमन्त्र जप ५३. (क) श्रीपशुपतिनाथ ऊर्ध्वमुख (ईशान) दर्शन (ख) श्रीपशुपतिनाथ पूर्वमुख (तत्पुरुष) दर्शन (ग) श्रीपशुपतिनाथ दक्षिणमुख (अघोर) दर्शन (घ) श्रीपशुपतिनाथ उत्तरमुख (वामदेव) दर्शन (ङ) श्रीपशुपतिनाथ पश्चिममुख (सद्योजात) दर्शन (च) श्रीपशुपतिनाथ अधोमुख (कालाग्निरुद्र) भावना ५४. क्षमाप्रार्थना

A453

श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठान

बलभद्र मार्ग, बानेश्वर, काठमाडौं-३१, नेपाल ।

E-mail : pashupati.archana@gmail.com

Website: www.pashupatiarchana.org.np

9 789937 056625

CENTURY BANK

सेञ्चुरी बैंक

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजत प्राप्त संस्था